# कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह
(एम.एड.) द्वितीय वर्षको नेपा.शि.
५९८ को पाठ्यांश पुरा गर्ने
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र


बिमला पुरी

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-९३०-२०-२०११

परीक्षा क्रमाङ्क : २४०००३८

नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन



२०७९/2022

## प्रतिबद्धतापत्र

*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७९/०२/०६

सन्  : २०२२/०५/२०

............................

बिमला पुरी

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको यो शोधपत्र छात्रा बिमला पुरीले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको हो । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७९/०२/१३

सन् : २०२२/०५/२७

..............................

सरोज दवाडी

सहायक प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

## कृतज्ञताज्ञापन

प्रस्तुत *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस तथा यसअन्तर्गतको नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यको शीर्षक चयन एवम् अन्य सल्लाह, सुझाउ एवम् मार्गनिर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरुआमा विन्दु पौडेल (वस्ती) एवम् शोधनिर्देशक आदरणीय गुरु सरोज दवाडीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यमा यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने सप्तगण्डकी क्याम्पस पुस्तकालय र केन्द्रीय क्याम्पस (त्रि.वि.) पुस्तकालयप्रति धन्यवाद प्रकट गर्दछु ।

शोधलेखनका क्रममा हेमाङ्गराज अधिकारी, श्रीराम न्यौपाने, केदारप्रसाद शर्मा, पारसमणि भण्डारीका कृतिहरू र शारदा आचार्य, सविता रेग्मी, सरस्वती पौडेल, अनिता अधिकारी, शान्ताकुमारी लामा, भविकला लामिछाने, सुलक्षणा रेग्मी, विनिता श्रेष्ठ, र सिर्जना रिजालका शोधलेखहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै मेरो उज्ज्वल भविष्यको कामना गर्दै उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्याउने पिता बाबुराम पुरी र ममतामयी माता भगवती पुरी र दाजु सोमराज पुरीप्रति म सधैँ आभारी छु । हरेक कोणबाट हौसला प्रदान गरी अगाडि बढ्न र शोधपत्रका लागि सामग्री जुटाउन सहयोग गर्ने मेरा जीवनसाथी प्रकाश पुरी र मलाई पढ्न तथा हरेक कार्यमा अगाडि बढ्न सधैँ उत्प्रेरित गर्नुहुने मेरा आमाबुबा समान सासुआमा अमृता पुरी र ससुराबुबा बलबहादुर पुरीका साथै परिवारका सबै सदस्यहरू साथै प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने आदरणीय गुरुवर्ग, आफन्तजन एवम् साथीहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु एवम् टङ्कन कार्यमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति विशेष कृतज्ञता आभार गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७९/०२/०६ शोधार्थी

सन् : २०२२/०५/२० बिमला पुरी

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वित्तीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ। यस शोधपत्रको शीर्षक *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* रहेको छ। प्रस्तुत शोधकार्यसँग सम्बन्धित उद्देश्यहरूमा कक्षा आठमा सामुदायिक तथा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको आधारमा, विद्यालयको प्रकृतिका आधारमा तथा लैङ्गिकताका आधारमा प्रबन्ध लेखन क्षमता पत्ता लगाउनु रहेको छ। यसरी प्रस्तुत गरिएका उद्देश्यहरूलाई व्यवस्थित, वस्तुपरक र वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गर्दा पुस्तकालयीय अध्ययन कार्य र क्षेत्रीय अध्ययनकार्यको अवलम्बन गरी सोद्देश्यमूलक नमुना छनोट पद्धति अपनाइएको छ। तथ्याङ्क सङ्कलन कार्यगर्दा प्राथमिक स्रोतअन्तर्गत भरतपुर महानगरपालिकाअन्तर्गतका वडा नं. २३, २४, २५, २६ र २७ मा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई उपयोग गरिएको छ भने द्वितीयक स्रोतअन्तर्गत यसै शोधसँग सम्बन्धित विभिन्न पुस्तक, शोधपत्र, इमेल, इन्टरनेट तथा लेखरचनाहरूको प्रयोग गरिएको छ।

प्रबन्ध लेखन क्षमताको समग्र स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा सयजना विद्यार्थीहरूमा सबैभन्दा कम अङ्क ल्याउने दुई प्रतिशत रहेका छन्। समग्रताका आधारमा मध्यमान ७७.७५ प्रतिशत, मध्यमानभन्दा माथि ५५ प्रतिशत र मध्यमानभन्दा तल ४५ प्रतिशत रहेको छ भने मानक विचलन २.२२ प्रतिशत रहेको देखिन्छ। प्राप्त तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ७५.५ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ७९.२ प्रतिशत रहेको छ। मध्यमानभन्दा बढी ४४ प्रतिशत र मध्यमानभन्दा कम ५६ प्रतिशत रहेको छ। त्यसैगरी संस्थागत विद्यालयमा मध्यमानभन्दा बढी ६६ प्रतिशत र मध्यमानभन्दा कम ३४ प्रतिशत रहेको छ। समग्रमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता राम्रो देखिन्छ। लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको मध्यमान ८०.९ र मध्यमानभन्दा माथि ल्याउने छात्रा विद्यार्थी ६६ प्रतिशत र मध्यमानभन्दा तल ल्याउने ३४ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ७३

रहेको छ । मध्यमानभन्दा माथि ६० र मध्यमानभन्दा तल ल्याउने ४० प्रतिशत रहेको देखिन्छ । यसबाट छात्रहरूको तुलनामा छात्राहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा प्रबन्ध लेखन अभ्यास सामान्य मात्रामा गराएको पाइयो । निबन्ध लेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली राम्रो देखियो भने भाषिक शुद्धतामा भने कमजोर रहेको पाइयो । लेखन सीप विकासमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अगाडि रहेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रहरूभन्दा छात्रा विद्यार्थीहरू नै प्रबन्ध लेखन सीपमा अगाडि रहेको पाइयो । विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमतामा अभिवृद्धि गराउनका लागि विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा प्रबन्ध लेखन क्रियाकलाप समावेश गर्नुपर्ने देखियो ।

# सङ्क्षिप्त रूपसूची

| सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| अनु. | : | अनुकूल |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प.ध.म. | : | पद्मनारायण धर्मकुमारी मल्ल |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठहरू |
| बि.एड्. | : | ब्याचलर अफ एजुकेसन |
| संस्क. | : | संस्करण |

**विषयसूची**

*आवरण* पृष्ठ
*प्रतिबद्धतापत्र*
*शोधनिर्देशकको सिफारिसपत्र*
*स्वीकृतिपत्र*
*कृतज्ञताज्ञापन*
*शोधसार* क
*सङ्क्षिप्त रूपसूची* ग
*विषयसूची* घ
*तालिकासूची* छ
*चित्रसूची* ज
*चिह्नसूची* झ

**अध्याय एक : शोधपरिचय**
अध्ययनको पृष्ठभूमि १
समस्याकथन २
शोधको उद्देश्य २
शोधको सान्दर्भिकता ३
सीमाङ्कन ३
पारिभाषिक शब्दावली ४
सारांश ४

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**
सैद्धान्तिक पुनरावलोकन ६
प्रायोगिक पुनरावलोकन ८
अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १२
प्रबन्धको सैद्धान्तिक अवधारणा १२
प्रबन्धको पृष्ठभूमि १४

प्रबन्धको परिचय १६
प्रबन्धका प्रकार १८
भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र भाषिक सीप १९
भाषा पाठ्यक्रम १९
भाषा पाठ्यपुस्तक २०
सारांश २५

**अध्याय तीन : अध्ययन विधि**

अनुसन्धान ढाँचा २६
नमुना छनोट प्रक्रिया २६
सामग्री सङ्कलन प्रक्रिया २७
तथ्य सङ्कलनका साधन २७
तथ्य सङ्कलन २८
अवधारणात्मक ढाँचा २८
व्याख्या र विश्लेषण २९
नतिजा र छलफल ३१
अध्ययनको रूपरेखा ३१
सारांश ३१

**अध्याय चार : व्याख्या र विश्लेषण**

समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति ३३
विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ३५
सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ३५
मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति ३६
संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ३६
मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति ३७

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना ३८
मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना ४०
लैङ्गिक आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ४२
छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ४२
मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति ४३
छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ४३
मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना ४४
छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति ४५
सारांश ४६

**अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता**
सारांश ४८
निष्कर्ष ४९
उपादेयता ५१
नीतिगत तह ५१
प्रयोगगत तह ५१

सन्दर्भ सामग्रीसूची
परिशिष्टहरू
व्यक्तिवृत्त

## तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | समग्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३३ |
| २ : | मध्यमान र मानक विचलनका समग्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३४ |
| ३ : | सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३५ |
| ४ : | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३६ |
| ५ : | संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३७ |
| ६ : | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३८ |
| ७ : | विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना | ३८ |
| ८ : | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना | ४० |
| ९ : | छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ४२ |
| १० : | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ४३ |
| ११ : | छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ४४ |
| १२ : | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ४४ |
| १३ : | छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति | ४५ |

# चित्रसूची


| चित्र सङ्ख्या | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| १ | : | शोधपत्रको ढाँचा | २८ |
| २ | : | विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना | ३९ |
| ३ | : | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना | ४१ |
| ४ | : | छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति | ४६ |

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| " " | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ' ' | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

## अध्याय एक

## शोधपरिचय

### अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* रहेको छ । *कक्षा आठको नेपाली* पाठ्यपुस्तकमा चारवटा प्रबन्धहरू समावेश गरिएका छन् । विद्यार्थीहरूलाई प्रबन्ध लेखनसँग सम्बन्धित विषयप्रतिको दृष्टिकोण निर्माणमा सहयोग गर्न तथा वर्णनकला र लेखनकला वा विषय विस्तार गर्नसक्ने क्षमताको वृद्धि गराउन प्रेरित गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य हो ।

कक्षा आठमा आत्मपरक र वस्तुपरक दुबै शैलीका प्रबन्धलाई स्थान दिइएको छ । प्रबन्धहरूको सस्वर वाचन गर्न, छोटाछोटा अनुच्छेदहरूको रचना गर्न सक्ने क्षमताको वृद्धि गराउनु प्रबन्ध शिक्षणको उद्देश्य रहेको छ । कक्षा आठका विद्यार्थीहरूको बोध क्षमताको विकास गर्न, सृजनात्मक क्षमताको विकास गर्न, शब्दभण्डारको विकास गर्न, साहित्यिक क्षमताको विकास गर्न, लेखन सीपको विकास गर्न, साहित्यिक अभिरुचि बढाउन, मौखिक चिन्तनलाई लिखित रूपमा अभिव्यक्त गर्न, सुनेका, पढेका कुराहरूलाई सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न, आफ्ना विचारहरूलाई सङ्गठित रूपमा प्रस्तुत गर्न र पठनबोध क्षमता बढाउनका लागि प्रबन्ध विधालाई भाषा पाठ्यपुस्तक (पाठ्यक्रम) मा समावेश गरिएको हुन्छ ।

प्रबन्ध (निबन्ध) साहित्यको स्वतन्त्र विधा हो । प्रस्तुतीकरण, विचारको सङ्गठन, मौलिकता आदिका दृष्टिले पनि प्रबन्ध साहित्यको एक महत्त्वपूर्ण र स्वतन्त्र विधा हो । यस विधाको शिक्षणले विद्यार्थीले देखेका, अनुभव गरेका र पढेका कुराहरूलाई सिलसिला मिलाई अभिव्यक्त गर्ने सीप विकास गर्न सहयोग पुऱ्याउँछ । कुनै विषय वा सिद्धान्तको युक्तिपूर्ण प्रतिपादन भएको गद्यात्मक, विचारप्रधान लेखलाई नै निबन्ध वा प्रबन्ध भनिन्छ । प्रबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका हुन्छन् । आधारभूत तह (कक्षा एकदेखि आठसम्म) मा खासगरी वर्णनात्मक प्रबन्धको शिक्षण गरिन्छ । प्रस्तुत शोधपत्रको शीर्षक *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* भएकाले यसै शीर्षकसँग सम्बन्धित भएर अध्ययनलाई पूर्ण गर्नका निमित्त आवश्यक सामग्री सङ्कलनका लागि

प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा क्षेत्रीय अध्ययन विधिलाई अवलम्बन गर्दै आफ्नो क्षमता योग्यता र लगनशिलताले ठम्याएसम्म शोधलाई ठोस, वस्तुपरक र उपयोगी बनाउने प्रयास गरिएको छ ।

## समस्याकथन

प्रस्तुत शोधकार्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता कस्तो छ भनी अध्ययन गरिएकाले उनीहरूको प्रबन्ध लेखन क्षमता पहिचान गर्ने क्रममा समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको पहिचान गर्नुका साथै विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमतालाई तुलनात्मक रूपमा पहिचान गरिएको छ । यसैगरी विद्यार्थीहरूको लैङ्गिक आधारमा छात्रा र छात्रबीचको प्रबन्ध लेखन क्षमताको समेत अध्ययन गरिएको छ । प्रबन्ध लेखन साहित्यको एक महत्त्वपूर्ण विधा भएकाले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्रबन्ध लेखनका क्रममा केकस्ता कमीकमजोरी रहेका छन् भनी पहिचान गरी अध्ययन विश्लेषण गर्नुलाई प्रस्तुत शोधकार्यमा मुख्य समस्या मानिएको हुनाले यही समस्याभित्र आएका अन्य समस्याहरूलाई समेत यथासम्भव निराकरण गर्दै प्रस्तुत शोधकार्य तयार पारिएको छ ।

## शोधको उद्देश्य

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन गर्ने मुख्य समस्याको रूपमा अध्ययन, विश्लेषण गरिने प्रस्तुत शोधकार्यलाई पूर्ण गर्ने क्रममा निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेका छन् :

(क) समग्रताको आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको पहिचान गर्नु,

(ग) विद्यार्थीको लैङ्गिकताको आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको पहिचान गर्नु ।

## शोधको सान्दर्भिकता

शोधकार्य आफैमा एक महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य हो । औचित्यबिनाको कार्यले अनुसन्धानलाई गन्तव्यमा लैजान सक्दैन । यसैले शोधपत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नु अति आवश्यक हुन्छ । कुनै पनि शोध तथा अध्ययन गर्नुको आफ्नै औचित्य रहने गर्दछ । यस अध्ययनका क्रममा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा प्रबन्ध लेखनमा देखिएका कमी, कमजोरीहरूलाई हटाई उनीहरूलाई प्रबन्ध लेखन कार्यमा सक्षम बनाउन विभिन्न सुझाउहरू प्रस्तुत गरिएको हुनाले पनि यो शोधको औचित्य महत्त्वपूर्ण देखिन्छ । भाषा पाठ्यक्रमविद्‌लाई पाठ्यक्रम प्रभावकारी एवम् उद्देश्यमूल विषयवस्तु चयन गर्न, शिक्षकलाई विद्यार्थीको स्तरअनुसार स्तरीय रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई अगाडि बढाउन र समग्रमा विद्यार्थीको लेखन क्षमता बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन लेखन क्षमताको अध्ययनबाट सहयोग पुग्ने हुँदा यस अध्ययनको सान्दर्भिकता प्रष्ट रहेको छ । प्रबन्ध लेखन प्रक्रिया लेखाइ सीपको विकासका लागि महत्त्वपूर्ण कार्यकलापको रूपमा रहेको हुन्छ । प्रबन्ध लेखन क्षमताको अध्ययनबाट लेखाइ सीपको स्तरीकरण गर्न, लेखन क्षमताको विकास गर्न र विद्यार्थीले गर्ने त्रुटिको पहिचान गर्न सहयोग पुग्दछ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता पहिचान गर्ने उद्देश्यले तयार पारिने शोधकार्यमा विद्यार्थीको लेखन क्षमता, भाषाशैली आदि पक्षको अध्ययन गर्नु उपयोगी रहेको छ । आधारभूत तहमा प्रबन्ध लेखनले माध्यमिक तहमा प्रबन्ध तथा निबन्ध लेखनमा सहजता प्रदान गर्नुका साथै शब्दभण्डार क्षमताको वृद्धि गरी यसको उपयोगमा प्रभावकारिता ल्याउनुका साथै व्याकरणिक दक्षताको विकास गराउनु, स्वाध्ययन गर्ने बानी बसाली उनीहरूको बौद्धिक क्षमताको विकास गरी व्यक्तित्व विकास गर्नमा सहयोग पुऱ्याउने हुनाले यस अध्ययनको औचित्य र सान्दर्भिकता स्वतः पुष्टि हुन्छ ।

## सीमाङ्कन

प्रस्तुत शोधकार्यको अध्ययनका लागि भरतपुर महानगरपालिका क्षेत्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दसवटा विद्यालयलाई मात्र लिइएको छ । प्रत्येक विद्यालयबाट पाँच छात्र र पाँच छात्राका दरले दस/दस गरी जम्मा एक सयजना

विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ र परीक्षणका माध्यमबाट यिनीहरूबाट प्राप्त नतिजाको आधारमा प्रबन्ध लेखन क्षमताको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । यसबाहेक अन्य पक्षबाट अध्ययन विश्लेषण नगर्नु प्रस्तुत शोधकार्यको मुख्य सीमा रहेको छ ।

## पारिभाषिक शब्दावली

| | | |
|---|---|---|
| प्रबन्ध | = | कुनै विषय वा सिद्धान्तका युक्तियुक्त प्रतिपादन भएका, गद्यात्मक, विचारप्रधान लेख; एक प्रकारको विचारप्रधान निबन्ध, कुनै कल्पित कथाका आधारमा तयार गरिएको सुव्यवस्थित रचना । |
| आधारभूत | = | जग बनेको; पृष्ठभूमि तयार भएको, सामान्य आवश्यकता पूर्तिका निम्ति सीपहरू सिकाउने शिक्षा |
| आत्मपरक | = | आत्मासँग सम्बन्धित; आत्माको कुरो भएको |
| वस्तुपरक | = | भाव वा विचारलाइ उति महत्त्व नदिई बाहिरी वस्तुजगत्लाई बढी प्रश्रय दिएर लेखिने वा बनाइने |
| सामुदायिक | = | समुदायसम्बन्धी; समूहको; सामूहिक; जनसमुदायको हितका दृष्टिले सञ्चालन गरिने अभियान वा कार्यक्रम |
| संस्थागत | = | नीजि वा व्यक्तिगत; संस्थाका रूपमा परिणत भएको; संस्थाका रूपमा रहेको; संस्थानसम्बन्धी । |

## सारांश

प्रस्तुत शोधपत्र पहिलो अध्यायलाई ‘शोधपरिचय’ शीर्षक दिएर अध्ययन गरिएको छ । अध्ययनको क्रममा यस शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू समावेश गरिएको छ । यस अध्यायमा प्रबन्ध (निबन्ध) को सामान्य परिचय प्रस्तुत गरिएको छ भने अध्ययनको समस्याकथनअन्तर्गत शोधकार्यको मुख्य तथा सहायक समस्याहरू केके हुन् भनेर प्रष्ट्याइएको छ भने यिनै समस्याहरूसँग सम्बन्धित रहेर कुनकुन उद्देश्यहरूमा आधारित रही शोधकार्यलाई पूर्णता दिने भनेर ‘शोधको उद्देश्य’ उपशीर्षक दिइएको छ । यस शोधकार्यको केकस्ता उपयोगिता र सान्दर्भिकता छ भनी ‘शोधको सान्दर्भिकता’ उपशीर्षक

दिई यसको बारेमा साधारण व्याख्या तथा विश्लेषण गरिएको छ । यस शोधमा आएका केही सान्दर्भिक शब्दावलीलाई समावेश गरी 'पारिभाषिक शब्दावली' प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन प्रस्तुत गरिएको छ भने यस अध्यायको अन्त्यमा यस अध्यायमा गरिएका कार्यहरूको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्यायलाई सम्पन्न गरिएको छ ।

## अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

कुनै पनि अध्ययन गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अध्ययन तथा अनुसन्धानहरूलाई नै सम्बन्धित कार्यको पुनरावलोकन (पूर्वकार्यको समीक्षा) भनिन्छ। यस्ता कार्यको पुनरावलोकनबाट वर्तमानमा कुनै विषय क्षेत्रसँग सम्बन्धित भई अध्ययन गर्न सहयोग लिनु पर्दछ। प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा पहिले प्रकाशित तथा अप्रकाशित विभिन्न स्रोतहरूको अध्ययन गरी आवश्यक तथ्याङ्कहरू समेटिने छ। प्रबन्ध लेखनसँग सम्बन्धित शीर्षकको प्रस्तुत शोधसँग सम्बन्धित यस अघि गरिएका विभिन्न प्रकारका सैद्धान्तिक र प्रायोगिक कार्यलाई दुई भागमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### सैद्धान्तिक पुनरावलोकन

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको हुनाले यही समस्यासँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

न्यौपाने (२०६५) द्वारा लिखित *नेपाली नाटक, एकाङ्की र निबन्ध* नामक पुस्तकमा निबन्धकोबारेमा बृहद् चर्चा गरिएको छ। यस पुस्तकमा निबन्धको परिभाषा, निबन्धका आवश्यक तत्त्वहरू, निबन्धको वर्गीकरण र प्रबन्धको सम्बन्ध, नेपाली निबन्धको विकासक्रम आदि विभिन्न पक्षहरूमा शीर्षक र उपशीर्षकहरू दिई प्रस्तुत गरिएको पाइन्छ। उक्त पुस्तकको पुनरावलोकनबाट प्रस्तुत अध्ययनमा प्रबन्ध (निबन्ध) सँग सम्बन्धित सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नका साथै प्रबन्धका विभिन्न पक्षहरूको व्याख्या तथा विश्लेषण गर्न सहयोग पुऱ्याएको छ।

शर्मा र पौड्याल (२०६६) को सहलेखनमा *नेपाली भाषा र साहित्य शिक्षण* शीर्षकको पाठ्यपुस्तकमा भाषिक सीप तथा कलाका सन्दर्भमा चर्चा गर्ने क्रममा लेखन कलाका बारेमा चर्चा गरिएको छ। त्यसैगरी उक्त पाठ्यपुस्तकमा साहित्य शिक्षणअन्तर्गत

निबन्ध शिक्षणलाई पनि समेटिएको छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै यस पुस्तकमा निबन्ध शिक्षणको प्रयोजन, शिक्षण प्रक्रिया र शिक्षण क्रमको बारेमा उल्लेख गरिएको छ । उल्लेखित पाठ्यपुस्तकमा निबन्ध शिक्षण र लेखाइ शिक्षणका बारेमा सामान्य दिएकाले विद्यार्थीहरूको लेखन क्षमताको अध्ययन सम्बन्धमा स्पष्ट विश्लेषण पाइँदैन तापनि यो पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यको विश्लेषण प्रक्रिया निर्माणका लागि सहयोग पुगेको छ ।

अधिकारी र भट्टराई (२०७०) द्वारा *प्रयोगात्मक नेपाली शब्दकोश*मा कुनै विचार वा भावको सिलसिला मिलेको गद्य रचनाको एक विधा निबन्ध हो । निबन्ध आत्मपरक र वस्तुपरक दुबै शैलीमा लेखिन्छ भनिएको छ । यस पुस्तकमा निबन्ध शिक्षणको प्रयोजन, शिषण प्रक्रिया र शिक्षण क्रमको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकको पुनरावलोकनले प्रबन्ध (निबन्ध) सम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न र निबन्धको शैलीको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०७१) द्वारा *नेपाली गद्य र नाटक* नामक पुस्तकमा निबन्धका बारेमा बृहद् रूपमा चर्चा गरेका छन् । उक्त पुस्तकमा निबन्धको परिभाषा, निबन्धको स्वरूप, निबन्धको वर्गीकरण, निबन्धका तत्त्वहरू, नेपाली साहित्यमा निबन्धको विकासक्रमजस्ता पक्षहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरू समावेश गरिएको पाइन्छ । प्रस्तुत पुस्तकमा निबन्ध (प्रबन्ध) को बारेमा पारेको तथा प्रस्तुत शोधकार्यको शीर्षकसँग मिल्ने भएकाले र निबन्ध (प्रबन्ध) को सैद्धान्तिक प्रारूप तयार गर्न तथा प्रबन्धका अन्य पक्षहरूको बारेमा व्याख्या र विश्लेषण गर्न सहयोगी बनेको छ ।

ओझा र जोशी (२०७५) द्वारा लिखित *निम्न माध्यमिक शिक्षक दिग्दर्शन नेपाली* शीर्षकको पुस्तकमा निबन्धका बारेमा बृहत् रूपमा चर्चा गरिएको छ । उक्त पुस्तकमा निबन्ध लेखनको परिचय, निबन्धका प्रकार, निबन्ध लेखनमा ध्यान दिनुपर्ने कुराहरू, निबन्धका नमुनाजस्ता पक्षहरू विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समावेश गरिएको पाइन्छ । यस पुस्तकको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा प्रबन्ध (निबन्ध) का सैद्धान्तिक अवधारणाको बारेमा व्याख्या तथा विश्लेषण गरी शोधकार्यलाई पूर्ण गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## प्रायोगिक पुनरावलोकन

प्रस्तुत *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको शोधकार्यको प्रमुख समस्या विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको कमी तथा कमजोरी प्रस्तुत गर्ने रहेकाले यसै समस्यासँग सम्बन्धित यस अघि गरिएका विभिन्न शोधपत्रहरूको समीक्षालाई प्रायोगिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

आचार्य (२०६७) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षक शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधको उद्देश्य चितवन जिल्ला पिठूवा स्रोतकेन्द्रका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिको पहिचान गर्नु, पहिलो भाषी र दोस्रो भाषी अनि लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधि अपनाइएको प्रस्तुत शोधमा पूर्व परीक्षणका क्रममा छनोटमा परेका विद्यालयको प्रकृति र छात्रछात्राको आधारमा चारवटा शीर्षक दिई आत्मपरक र वस्तुपरक निबन्ध लेख्न लगाइएको थियो । विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सामान्य रहेको, बिमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमता निराशाजनक रहेको, छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको कमी-कमजोरी हटाउनका लागि विभिन्न सुझाउहरू पनि प्रस्तुत गरिएको पाइन्छ । अतः यस शोधकार्य गर्न लागिएको शोधकार्यमा शोधविधि छनोटका साथै विश्लेषणको आधार निर्धारण गर्न समेत सहयोग पुगेको छ ।

रेग्मी (२०६९) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस शोधकार्यमा विद्यालयको प्रकृतिका आधारमा संस्थागत, लिङ्गगत आधारमा छात्र र भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा विद्यालयको प्रकृति, विद्यार्थीको लिङ्ग र भाषिक

पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको भाषिक स्थितिको अध्ययनको बारेमा जानकारी लिन सकिने भएकाले यसको अध्ययनले ठूलो सहयोग पुगेको छ ।

पौडेल (२०७१) द्वारा लिखित *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको शोधपत्रमा भरतपुर नगरपालिकाभित्रका कक्षा आठका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, उनीहरूको निबन्ध लेखनसम्बन्धी कमीकमजोरीहरू पत्ता लगाउनु र सुझाउ दिनुजस्ता उद्देश्य राखी अध्ययन गरेको पाइन्छ । यस अध्ययनमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको, पहिलो भाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको, छात्र विद्यार्थीहरूको निबन्ध लेखनमा भन्दा कमजोर रहेको, संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । अध्ययन गर्न लागिएको शोधकार्यमा शोधविधि छनोट गर्न, विश्लेषणको आधार निर्धारण गर्न र शोधको रूपरेखा निर्माण गर्नका लागि समेत सहयोग पुग्ने देखिन्छ ।

अधिकारी (२०७२) द्वारा *चितवन जिल्लाको माडी नगरपालिका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधकार्य क्षेत्रीय अध्ययन पद्धतिसँग सम्बन्धित रही लिई विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति र मध्यमानका आधारमा निबन्ध लेखन क्षमतासम्बन्धी विश्लेषण गरिएको छ । उक्त अध्ययनअनुसार छात्राका तुलनामा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखाइएको छ । तुलनात्मक अध्ययनमा प्रतिशत मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू तथा छात्र र छात्रा विद्यार्थीहरूबीच निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । निबन्ध लेखन क्षमतासम्बन्धी कमी-कमजोरी पत्ता लगाई सुधारका लागि सुझाउ दिइएको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क निकाल्न तथा व्याख्या र विश्लेषण गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

लामा (२०७३) द्वारा *कक्षा छमा अध्ययनरत थारू भाषी विद्याथीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा चितवन जिल्लाको खैरहनी नगरपालिकास्थित खैरहनी र कठार क्षेत्रका कक्षा छमा

अध्ययनरत थारू भाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता अध्ययन गर्नु, लैङ्गिक तथा विद्यालयको प्रकृतिका आधारमा थारू भाषी विद्यार्थीहरूको चिठी तथा निबन्ध लेखनसम्बन्धी कमी तथा कमजोरीहरू पहिचान गर्नेजस्ता उद्देश्यहरू राखिएका छन् । क्षेत्रीय सामग्री सङ्कलन विधिको प्रयोग गरिएको उक्त अध्ययनको निष्कर्षमा समग्र विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको, छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीहरू चिठी तथा निवेदन लेखनमा अगाडि रहेको प्रमाणित हुन्छ । उक्त शोध प्रस्तुत अध्ययनको शीर्षकसँग नमिले पनि यसको सहयोगले शीर्षक चयन, विधि तथा प्रक्रिया निर्धारण, शोध विश्लेषण र तुलनात्मक अध्ययनजस्ता प्रायोगिक पक्षमा सहयोग पुऱ्याएको छ ।

लामिछाने (२०७३) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकको शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यममा बर्दघाट नगरपालिकाका छवटा विद्यालयका साठीजना विद्यार्थीको निबन्ध लेखन क्षमताको पहिचान गरिएको पाइन्छ । यस शोधको निष्कर्षमा छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो भएको बताइएको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

रेग्मी (२०७५) द्वारा *कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस शोधकार्य पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा सीमित रहेको देखिन्छ । शोधको निष्कर्षमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखिएको छ भने छात्र र छात्रा विद्यार्थीहरूको बीचमा त्यति धेरै अन्तर नदेखिए पनि आंशिक रूपमा छात्रहरूको अवस्था राम्रो देखिएको छ । यस शोधकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा विद्यालयको प्रकृतिको आधारमा तथा विद्यार्थीको लैङ्गिक आधारमा उनीहरूको प्रबन्ध लेखनसम्बन्धी अवस्थाको तुलनात्मक अध्ययन गर्न सहयोग पुगेको छ ।

शर्मा (२०७३) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । सो अध्ययनमा विद्यालयको प्रकृतिका

आधारमा संस्थागत र सामुदायिक विद्यालयका तथा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । यस शोधकार्यमा क्षेत्रीय व्याख्यात्मक र तुलनात्मक अध्ययन विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यस शोधकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा विद्यालयको प्रकृतिको आधारमा तथा विद्यार्थीको लैङ्गिक आधारमा उनीहरूको प्रबन्ध लेखनसम्बन्धी अवस्थाको तुलनात्मक अध्ययन गरी प्रबन्ध (निबन्ध) को व्याख्या र विश्लेषण गर्न सहयोग पुगेको छ ।

रिजाल (२०७८) द्वारा *कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यस अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिक आधारमा छात्र र छात्रा तथा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । अध्ययनको निष्कर्षमा निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालय, लैङ्गिक आधारमा छात्र र भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको क्षमता राम्रो रहेको देखाइएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले प्रबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन र विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

श्रेष्ठ (२०७८) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनुका साथै संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको लैङ्गिक आधारमा र विद्यालयको प्रकृतिका आधारमा निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । यस शोधकार्यमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता बढी भएको पाइन्छ भने छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको पाइन्छ । प्रस्तुत शोधपत्रको अध्ययनले प्रबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन र विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

यसरी प्रबन्ध लेखन क्षमतालाई आधार मानेर गरिएको विभिन्न अध्ययन अनुसन्धानको प्रयोजन फरकफरक रहेको पाइन्छ । शोधशीर्षकसँग सम्बन्धित विभिन्न समयमा गरिएको विभिन्न अध्ययनमा विभिन्न अनुसन्धानकर्ताले आआफ्नै प्रकारका निष्कर्ष

निकालेका पाइन्छन् । यी शोधपत्रहरूको अध्ययनबाट प्रस्तुत शोधपत्र तयार पार्न पूर्णरूपमा सहयोग पुऱ्याउने अपेक्षा गरिनुका साथै समय अनुकूल, उपयुक्त र सान्दर्भिक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बधित रहेर यसभन्दा अघि गरिएका शोध तथा अनुसन्धानहरूलाई सहयोगी सामग्रीका रूपमा अध्ययन गरिएको हुन्छ, जसले शोधार्थी तथा अध्यताले आफ्नो शोध तथा अनुसन्धानलाई केकस्तो तरिकाले अगाडि बढाउन सकिन्छ भन्ने ज्ञान आर्जन गर्न सहयोग पुऱ्याउने देखिन्छ । त्यस्तै ती प्रयोगात्मक शोध सामग्रीहरूको गहन अध्ययन गरी शोधार्थीलाई नयाँ ज्ञान प्रदान गर्न पनि सहयोग पुग्ने देखिन्छ । त्यसैले कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुभन्दा पहिले उक्त शोधशीर्षकको समस्यासँग सम्बन्धित कार्यको पुनरावलोकन गरी अध्ययन गर्न र त्यसबाट निष्कर्ष निकाली शोधार्थी तथा अध्ययनकर्तालाई अझ सक्षम र फराकिलो पृष्ठभूमि प्राप्त गर्न औचित्यपूर्ण सहयोगी र उपलब्धिमूलक रहने देखिन्छ । यसैले प्रस्तुत शोधकार्य प्रबन्ध लेखन क्षमतासँग सम्बन्धित रहेकाले यसैसँग सम्बन्धित समस्यामा केन्द्रित रही विभिन्न पुस्तक तथा यसअघि गरिएका शोधकार्यहरूलाई सम्बन्धित कार्यको पुनरावलोकनको रूपमा लिई अध्ययन गरिएको छ ।

## प्रबन्धको सैद्धान्तिक अवधारणा

साहित्यको कान्छो विधाको रूपमा निबन्ध (प्रबन्ध) लाई लिइन्छ । यसले साहित्यका आफूभन्दा पहिलेका सबै विधाहरूबाट एकएक विशेषतालाई ग्रहण गरेर आफ्नो छुट्टै कलेबर बनाएको छ । प्रबन्ध (निबन्ध) विधाले कान्छो भएर पनि अन्य विधालाई प्रभावित पारेको देखिन्छ । मूलतः यो विशुद्ध गद्य भाषामा लेखिन्छ । यसैले गद्य भाषामा लेखिएको जीवन र जगत्को विषयवस्तु, भाव तथा विचारलाई लघुत्तम रूपमा प्रस्तुत गरिएको साहित्यिक विधा नै प्रबन्ध (निबन्ध) हो भन्न सकिन्छ । निबन्ध साहित्यका अन्य विधाका तुलनामा सर्वोत्कृष्ट भाषिक अभिव्यक्ति कला हो । मुख्य गरी साहित्यिक विधाका रूपमा प्रयोग गरिने भए पनि विद्यालयमा लेख्य र पाठ्य विधाका रूपमा राखिएको पाइन्छ । माथिल्ला कक्षा (माध्यमिक तह) का विद्यार्थीहरूका लागि निबन्ध उनीहरू स्तरअनुकूल भए पनि तल्ला (आधारभूत तह)

का विद्यार्थीहरूका लागि पाठ्य विषयकै रूपमा प्रयोग गरिनु उपयुक्त हुन्छ, किनकि यसमा प्रौढ भाषाको प्रयोग भएको हुन्छ । यसैले निबन्ध एक प्रकारको कुरा गराइ हो । लेखकका मनका भावनालाई स्वागत कथनका रूपमा उद्गारित गराउने विधाविशेष हो ।

प्रबन्ध (निबन्ध) लाई प्रष्ट पार्दै पौड्याल (२०६९) ले "यो वस्तुपरक र आत्मपरक; अकवितात्मक, अकथात्मक र अदृश्यात्मक विधा हो, तापनि यसले नाटकको संवादात्मकता, कविताको भावात्मकतालाई आत्मसात् गरेको देखिन्छ । यसले आख्यान तत्त्वलाई संवहन गरी आफूलाई आख्यानात्मक निबन्धका रूपमा दरेको छ" (पृ. ३३) भनेका छन् । यस कथनबाट बुझ्न सकिन्छ कि प्रबन्ध साहित्यको एक त्यस्तो विधा हो जसमा साहित्यका अन्य विविध विधाहरूको मिश्रण पाउन सकिन्छ । निबन्धको परिभाषालाई स्पष्ट पार्ने क्रममा थापा (२०७१) ले आफ्नो विचार निम्नानुसार व्यक्त गरेका छन् :

> 'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'धञ्' (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग लाग्दा 'निबन्ध' शब्द बन्दछ । यसरी नि+बन्ध+अ मिलेर बनेको 'निबन्ध' शब्दको व्युत्पत्तिमूलक अर्थ हुन्छ - राम्ररी बाँध्ने काम । निबन्ध शब्दको व्यूत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवनजगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघुआयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ । निबन्ध संस्कृत भाषाबाट आएको शब्द भए पनि यसको जसको जन्मचाहिँ सर्वप्रथम अङ्ग्रेजी भाषामा भएको थियो । पाश्चात्य साहित्यमा निबन्धलाई 'एस्से' भनिन्छ । जुन ग्रीसेली भाषाको 'एस्सिज' शब्दबाट बनेको हो । यसको अर्थ 'एक प्रयास', 'एक परिश्रम', 'एक मिहिनेत' भन्ने थियो । पछि बिस्तारै यसको अर्थ प्राविधिक रूपमा परिणत भएर अभिव्यक्त गर्ने एक प्रयास भाव प्रस्फुट गर्ने माध्यम हुन पुग्यो । (पृ. १)

माथिको भनाइलाई हेर्दा निबन्ध (प्रबन्ध) भनेको एक स्वतन्त्र साहित्यिक विधा हो, जसले कुनै पनि विषयलाई राम्रोसँग बाँधेर प्रस्तुत गर्न सक्छ भन्न सकिन्छ ।

साहित्यलाई वर्गीकरण गर्दा श्रव्य साहित्यअन्तर्गत गद्य र पद्य विधा पर्न आउँछन् । गद्यलाई आख्यानात्मक र आख्यानेत्तर गरी दुई भागमा वर्गीकरण गरिन्छ । आख्यानेत्तर गद्य

विधाअन्तर्गत प्रबन्धविधा पर्दछ । कुनै पनि विषय वा सिद्धान्तको युक्तिपूर्ण प्रतिपादन भएको गद्यात्मक, विचारप्रधान लेखलाई नै प्रबन्ध भनिन्छ । एकप्रकारको विचारप्रधान निबन्ध नै प्रबन्ध हो । यसमा देखेका, अनुभव गरेका र पढेका कुराहरूलाई सिलसिला मिलाई अभिव्यक्त गर्ने सीप विकास गर्न सहयोग गर्दछ ।

प्रबन्ध साहित्यको एक स्वतन्त्र गद्य विधा हो । यसमा स्रष्टाको दृष्टिकोण अनिवार्य तत्त्वका रूपमा आउने गर्दछ । कुनै शीर्षकमा सम्बन्धित रहेर आफूले देखेका, सुनेका, अनुभव गरेका र पढेका कुराहरूलाई सिलसिला मिलाई प्रस्तुत गरिएको सुसङ्गठित रचना नै प्रबन्ध हो । प्रस्तुतीकरण, विचारको सङ्गठन, मौलिकता आदिको दृष्टिले यो विधा महत्त्वपूर्ण रहेको हुन्छ । प्रबन्ध कलात्मक हुनुपर्छ र कुनै पनि वस्तुको सोझो वर्णन यसमा हुनुपर्छ तर कलात्मक र साहित्यिक ढङ्गमा लेखिएको प्रबन्ध राम्रो मानिन्छ । विचारले सरल, सहज तरिकाले प्रकट गर्ने माध्यम प्रबन्ध हो । यसले वाक्य विस्तारको जग निर्माण तथा ऊर्जा प्रदान गर्न सहयोगीको रूपमा काम गर्दछ । सिर्जनात्मक लेखनमा सहयोगी भएर आदि, मध्य र अन्त्यका आधारमा छोटो रूपमा नै यसलाई प्रकट गर्न सकिन्छ । त्यसैले वाक्य तथा प्रबन्धहरूको सिलसिलेवार सङ्ग्रह नै प्रबन्ध हो भन्न सकिन्छ । यसले लेखाइ सीप विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालयको आधारभूत तहदेखि नै व्याकरणिक तथा लेखाइ सीपका कमीकमजोरीहरूको निराकरण गर्न प्रबन्ध लेखनले सहयोगी भूमिका निर्वाह गर्दछ । यसको लेखाइको निरन्तर अभ्यासबाट लेखनकलामा स्तरीयता र शुद्धता प्रदान गर्ने हुनाले विद्यार्थीलाई कुनै विषय शीर्षक दिएर त्यसका बारेमा स्वतन्त्र लेख लेख्न लगाउन सकिन्छ । यसैले साहित्यमा विविध विधाहरू सिर्जना गर्न प्रबन्ध लेखन सहयोगी हुनाले सबै तहका विद्यार्थीहरूका लागि उपयुक्त कार्यकलाप गराउन समेत सहयोगी हुने देखिन्छ ।

**प्रबन्धको पृष्ठभूमि**

भाषा परिवर्तनशील भएका कारणले यसले साहित्यिक स्वरूप ग्रहण गरेको छ । लेख्य भाषाका प्रमुख भेदहरूमध्ये प्रबन्ध गद्यमा लेखिने आस्वादनका दृष्टिले साहित्यको श्रव्यभेदअन्तर्गत पर्ने एक सशक्त विधा हो । प्रबन्ध सरल अभिव्यक्तिको गोरेटोको यात्रा गर्ने कुनै एक पक्षमा केन्द्रित भएर लेखिने रमाइलो र छोटो गद्य विधा हो । गद्यको अभिव्यक्ति

क्षमता सबल र प्रौढ हुँदै गए पनि सिर्जित प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा प्रबन्ध एउटा छुट्टै विधाको रूपमा सिर्जना हुन थाल्यो । त्यसकारण प्रबन्ध गद्य विधाको एक महत्त्वपूर्ण र स्वतन्त्र विधा हो ।

प्रबन्धमा व्यक्तिगत, विषयगत, भाषागत तथा प्रस्तुतीकरणगत संलग्नता पाइन्छ । प्रस्तुतीकरण विचारको सङ्गठन, वाक्यगठन तथा अनुच्छेद गठन आदिका दृष्टिले उच्चकोटिको विधा प्रबन्ध हो । यो विधा साहित्यमा मात्र सीमित नभएर सम्पूर्ण वाङ्मयमा नै फैलिएको छ । विद्यालय तहमा खास गरी वर्णनात्मक निबन्ध/प्रबन्धको शिक्षण गरिन्छ । प्रबन्ध विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित शब्दभण्डारको विकास गर्न र अभिव्यक्तिबोधको अभ्यासका लागि महत्त्वपूर्ण रहेको हुन्छ ।

मानिस चिन्तनशील, चेतनशील र सिर्जनशील प्राणी भएकाले उसका पृष्ठभूमिमा अथाह व्यक्त, अव्यक्त ज्ञानराशि छन् । वर्तमान जीवन भोगाइका राम्रा तथा नराम्रा पक्षहरू आँखा सामुन्ने हुन्छन् । यस्तै जीवन भोगाइका पक्षहरूको सानो अनुभव टिपेर प्रबन्ध लेखनको थालनी हुन्छ । मानिसले जुनसुकै विषयमा स्वतन्त्र रूपले सोच्ने, विचार गर्ने र भावनात्मक प्रवाहमा विषयसम्बद्ध विचार व्यक्त गर्न सक्ने खुबी पनि राख्दछन् तर सबै व्यक्तिले मानवको नाताले समान अनुभूति राखे पनि अध्ययन र अवसरको कमी आदि कारणले अभिव्यक्तिमा प्रत्यक्ष असर पारेको हुन्छ । साधना र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ । अध्ययन र अभ्यासले कलामा चमक आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आउँछ प्रबन्ध पनि त्यत्तिकै प्रौढ हुन पुग्छ । भाषिक सीप र प्रस्तुति सामर्थ्यले प्रबन्धमा प्रखरता ल्याएँछ । अनुभूति जतिसुकै तीव्र किन नहोस् अभ्यास नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले साधना र अभ्यासबिना प्रबन्ध लेखन क्षमतामा अधुरोपन आउन सक्छ ।

विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै लिखित अभिव्यक्तिको क्षमतामा विकास गर्नु यस विधाको मुख्य प्रयोजन हो । विभिन्न विषयक्षेत्रसँग सम्बन्धित शब्दभण्डारको विकास गर्न तथा अभिव्यक्ति बोधको अभ्यासका लागि र गहन पठन र गहन बोध विकासका लागि प्रबन्ध महत्त्वपूर्ण मानिन्छ । मानिसका हरेक प्रकारका चेतनाको प्रतिबिम्ब यस विधामा रहेको हुन्छ । स्वतन्त्र अभिव्यक्तिको अवसर लेखकलाई प्राप्त भएको

हुँदा विषयगत उदारताको व्याप्ति यस विधामा पाइनु स्वाभाविक हो । लेखकले कि त मनभित्रबाट अद्‌भुत सत्यलाई उद्‌घाटित गरिदिन्छ कि त अध्ययन तथा निरीक्षणबाट आर्जित ज्ञानलाई प्रस्तुत गरिदिन्छ । यसैले प्रबन्ध लेखन आधारभूत तहका लागि महत्त्वपूर्ण विधाको रूपमा रहेको छ ।

**प्रबन्धको परिचय**

प्रबन्ध साहित्यको एक स्वतन्त्र विधा हो । प्रस्तुतीकरण, विचारको सङ्‌गठन, मौलिकता आदिका दृष्टिले यो विधाको सिर्जना गरिएको हुन्छ । यस विधामा आधारित रहेर रचना गरिएका निबन्धहरूको अध्ययन गर्नाले बालबालिकाहरू त्यस्ता रचनामा रचनाकारले प्रस्तुत गरेका कुराहरूलाई अनुभव गर्नुका साथै ती कुराहरूलाई मिलाई अभिव्यक्त गर्ने सीप विकास गर्न सहयोग पुऱ्याउँछ । त्यस्तै विभिन्न विषयक्षेत्रसँग सम्बन्धित शब्दभण्डारको विकास गर्न र अभिव्यक्तिबोधको अभ्यासका लागि यो विधा महत्त्वपूर्ण रहेको हुन्छ । कुनै विषय वा सिद्धान्तको युक्तिपूर्ण प्रतिपादन भएको गद्यात्मक, विचारप्रधान लेख नै प्रबन्ध हो । एकप्रकारको विचारप्रधान निबन्ध नै प्रबन्ध हो । प्रबन्ध र निबन्धमा झिनो अन्तर रहेको हुन्छ । प्रबन्ध युक्तिपूर्ण र विचारप्रधान हुन्छ । प्रबन्धको बारेमा आफ्नो धारणा प्रष्ट पार्दै शर्मा (२०७५) ले "साहित्यको प्रमुख विधाहरूमध्ये निबन्ध छोटो र छरितो एक विधा हो । निबन्ध एकप्रकारको कुरा गराई हो, मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको रूप निबन्ध हो । चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको अभिव्यक्ति निबन्धबाट हुन्छ" (पृ. ३) भनेका छन् । यस भनाइलाई हेर्दा प्रबन्ध (निबन्ध) साहित्यको एक त्यस्तो विधा हो, जुन छोटो, छरितो र गद्यात्मक हुन्छ । यस्ता रचनामा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीअनुसार रचनाको सिर्जना गरेको हुन्छ । प्रबन्ध (निबन्ध) ले पाठकको मनलाई सजिलै छुने गर्दछ । यसैगरी भट्टराई (२०७५) ले निबन्ध (प्रबन्ध) को बारेको आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> *प्रयोगात्मक नेपाली शब्दकोश*का अनुसार 'नि+बन्ध' शब्दसमूह मिली बनेको तत्सम शब्द 'निबन्ध' नाम शब्द हो । कुनै वस्तु, विचार तथा भावको शृङ्‌खलाबद्ध अभिव्यक्ति भएको गद्य रचनाको एक विधा प्रबन्ध नै निबन्ध हो । यस्ताप्रकारका अभिव्यक्तिहरूलाई शृङ्‌खलाबद्ध रूपमा रचना गर्ने व्यक्ति निबन्धकार हो । भाव,

> विचार आदिलाई सिलसिला मिलाएर अभिव्यक्ति दिने काम निबन्ध लेखन हो । निबन्ध आत्मपरक र वस्तुपरक हुन्छन् । निबन्धमा कलात्मक रूपमा उत्पन्न भएका विचारहरूलाई शीर्षकमा केन्द्रित रहेर मिठासपूर्ण शैलीमा भावप्रवाहित गरिन्छ । (पृ. २२७)

उल्लिखित अभिव्यक्तिलाई हेर्दा कुनै पनि वस्तु वा विचारलाई अभिव्यक्त गर्ने क्रममा भावको शृङ्खलामा उनेर प्रस्तुत गर्ने विधा नै निबन्ध (प्रबन्ध) हो । निबन्धमा कुनै पनि शीर्षकमा केन्द्रित रहेर सिलसिला मिलाई आत्मपरक तथा वस्तुपरक रूपमा प्रस्तुत गरी मिठासपूर्ण शैलीमा प्रवाहित गरेर पठनयोग्य बनाउनु नै निबन्ध (प्रबन्ध) कारको मुख्य कार्य हो भन्ने कुरा बुझ्न सकिन्छ ।

विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्ति बोध क्षमताका साथै लिखित अभिव्यक्ति क्षमताको विकास गराउनु यस विधाको मुख्य प्रयोजन हो । विभिन्न विषयक्षेत्रसँग सम्बन्धित शब्दभण्डारको विकास गराउन तथा अभिव्यक्ति बोधको अभ्यासको लागि र गहन पठन एवम् बोध विकासका लागि प्रबन्धलाई महत्त्वपूर्ण विधाको रूपमा मानिन्छ । यस विधामा व्यक्तिगत, विषयगत, भाषागत तथा प्रस्तुतीकरणगत संलग्नता पाइने हुनाले वाक्यगठन तथा अनुच्छेद गठन गर्न अति उपयोगी हुन्छ । यसैले आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि अनुच्छेद गठन गर्न तथा अनुच्छेदअनुच्छेदबीचको अन्तर्सम्बन्ध कायम गराउन अत्यावश्यक हुन्छ । यसैले पनि आधारभूत तहका विद्यार्थीहरूका लागि अत्यन्त उपयोगी विधा हो ।

प्रबन्ध लेखन पनि निबन्ध लेखनजस्तै आदि, मध्य र अन्त्य गरी तीन खण्डमा लेख्ने गरिन्छ । यस भनाइलाई प्रष्ट पार्दै भण्डारी र अन्य (२०६७) ले भनेका छन् :

> निबन्ध लघुत्तम आयामको गद्यविधा हो भने यसले विचार र विषयको सुव्यवस्थित विवरण गर्दछ । निबन्ध मनका भावना एवम् कल्पना पोख्ने सशक्त माध्यम हो । यसमा आदि, मध्य र अन्त्यको सङ्गठन रहेको हुन्छ । यसले हृदय पक्ष र बुद्धि पक्षको सन्तुलित उपयोग गर्दछ । यो आत्मपरक र वस्तुपरक अभिव्यक्तिमा सिर्जित हुन्छ । यो विधा साहित्यको नवीन, कनिष्टतम् र स्तरीय विधि हो भने यो स्वाधीन, स्वतन्त्र र मौलिक पहिचान भएको साहित्यिक विधा हो । वस्तुतः आन्तरिक

> शृङ्खलामा सम्बद्ध, वास्तविक एवम् काल्पनिक विषयवस्तुमा केन्द्रित, छोटो, छरितो, खँदिलो, सुगठित, आलङ्कारिक भाषाशैलीयुक्त विचार, भावना, चिन्तन र संवेदना, समष्टि अभिव्यक्ति, लघु आयामको गद्य विधा, शैलीगत प्रभावमय विधा नै निबन्ध हो । (पृ. ४५३)

माथिको कथनलाई दृष्टिगत गर्दा प्रबन्ध लेखनलाई तीन भागमा वर्गीकरण गरी लेखिन्छ । जसको आदि भागमा प्रबन्धको शीर्षकसँग केन्द्रित रही विषयको परिचय लेखिन्छ । यस भागलाई पृष्ठभूमि, परिचय वा भूमिकाको रूपमा चिनिन्छ । शीर्षक वा विषयवस्तुसँग सम्बद्ध रही लेखकको विचार, अनुभूति, सङ्गठन, शैली एवम् उद्देश्यजस्ता पक्षहरूलाई मध्य भागमा प्रस्तुत गरिन्छ भने प्रबन्धको आदि र मध्य भागमा समेटिएका विचार वा प्रस्तुतिलाई समेटेर लेखकको व्यक्तिगत दृष्टिकोण अर्थात् निष्कर्ष अन्त्य भागमा समेटिएको हुन्छ । यसैले प्रबन्ध लेखनले विद्यार्थीहरूलाई विभिन्न आख्यानात्मक लेख, रचनाहरूको कथानकको व्याख्या र विश्लेषण गर्न समेत सघाउ पुऱ्याउने हुनाले यो अत्यन्त उपयोगी विधा हो ।

यसैले गद्य भाषामा लेखिएको जीवन र जगत्का विषयवस्तु, भाव, विचारलाई प्रस्तुत गरिएको साहित्यिक विधा प्रबन्ध हो । साहित्यकार तथा लेखकले आफ्ना जीवनका अनुभव र अनुभूति, निजी दृष्टिकोणलाई कल्पनाको रङमा मुछेर आफ्ना विचारलाई सहज रूपमा प्रस्तुत गरेको हुन्छ । प्रबन्धमा व्यक्त भएका विचार र अनुभूतिहरू परम्परामा सम्बन्धित हुनुपर्दछ । यसरी मानव जीवन र जगत्सँग प्रत्यक्ष सरोकार राख्ने प्रबन्ध विधा आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा व्याकरणिक शुद्धता अभिवृद्धि गर्न तथा साहित्यिक चेतना जगाउन अत्यन्तै प्रभावकारी हुन्छ ।

**प्रबन्धका प्रकार**

लेखकका उपस्थिति वा अनुपस्थितिका आधारमा प्रबन्ध (निबन्ध) लाई आत्मपरक र वस्तुपरक गरी निम्नानुसार दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

**आत्मपरक प्रबन्ध :** आत्मपरक प्रबन्ध वैयक्तिक र भावनात्मक हुन्छ । अर्को शब्दमा यस्ता प्रबन्धमा लेखकका निजी भावनाहरू अभिव्यञ्जित हुन्छन् । आत्मपरक प्रबन्धको बारेमा आफ्नो धारणा प्रस्तुत गर्दै थापा (२०७१) ले “आत्मपरक प्रबन्धमा म, हामी, तिमी, तपाइँजस्ता सर्वनामको प्रयोग गर्दै विषयवस्तुको परिचय र

वर्णनभन्दा व्यक्तिगत अनुभव पोख्ने काम हुन्छ" (पृ. ३) भनेका छन् । यसप्रकारको प्रबन्धले व्यक्तिका निजी अनुभूतिलाई लिखित रूपमा अभिव्यक्त गर्न सहयोग पुऱ्याउने गर्दछ ।

**वस्तुपरक प्रबन्ध :** विषयवस्तुलाई केन्द्रिय महत्त्व दिएर लेखिएको प्रबन्धलाई वस्तुपरक प्रबन्ध भनिन्छ । यस्ता प्रबन्धहरू विवरणात्मक, तर्कमूलक र वर्णनात्मक हुन्छन् । वस्तुपरक प्रबन्ध (निबन्ध) को बारेमा थापा (२०७१) ले "सम्बन्धित विषयका सूचनाको विश्लेषणलाई आधार मानेर लेखिने निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । यस्ता निबन्धमा वस्तुतथ्यलाई महत्त्व दिइन्छ । विषयवस्तुअनुसार वस्तुपरक निबन्धलाई पनि विभिन्नप्रकारमा विभाजन गर्न सकिन्छ" (पृ. ३) भनेर आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसैले विषयवस्तुलाई प्रमुख आधार मानेर लेखिने निबन्ध (प्रबन्ध) नै वस्तुपरक प्रबन्ध हो भन्न सकिन्छ ।

## भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र भाषिक सीप

समग्र शैक्षिक क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेका हुन्छन् । विद्यार्थीहरूमा भाषिक सीपको विकासमा भाषा पाठ्यक्रम र भाषा सिकाइसम्बन्धी भाषा पाठ्यपुस्तकहरू आवश्यक हुन्छन् । यस्ता पाठ्यक्रम र पाठ्यपुस्तकहरू विद्यार्थीहरूको भाषिक सीपको विकासमा सहयोगी हुन्छन् । भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र भाषिक सीपको बारेमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### भाषा पाठ्यक्रम

भाषा विचार विनिमयको एक सशक्त माध्यम हो र यो मानव मात्रको पेवा पनि हो । भाषा प्रत्येक पिँढीमा क्रमशः हस्तान्तरण हुँदै आउने वस्तु हो, जसले सामाजिक सम्पर्क स्थापित गर्दछ । सम्पूर्ण ज्ञान, विज्ञान र सूचना सञ्चारका क्रियाकलापहरू भाषाबाटै समाजमा आउने गर्दछन् । भाषा पाठ्यक्रमका बारेमा भट्टराई र आचार्य (२०७०) आफ्नो धारणा प्रस्तुत गर्दै "भाषिक सीप आर्जनका लागि लक्षित उद्देश्य प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई भाषा पाठ्यक्रमले समेट्छ । भाषालाई सीपका रूपमा लिइएको हुनाले यो अभ्यास तथा प्रयोगमा बाँधिएको हुन्छ । स्तरअनुसार भाषिक सीप आर्जन गर्नका लागि गरिने क्रियाकलापलाई भाषा पाठ्यक्रमभित्र राखिन्छ" (पृ. ३३४) भनेका छन् । यस

कथनलाई हेर्दा भाषा पाठ्यक्रम भनेको भाषिक सीप आर्जन गर्नका लागि लक्षित उद्देश्य प्राप्त गर्न सकिने पुस्तक हो भन्न सकिन्छ । यस्तै ढकाल र खतिवडा (२०६९) ले पनि भाषा पाठ्यक्रमको बारेमा "शिक्षण तथा सिकाइलाई व्यवस्थित, सहज, स्वाभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको योजना नै पाठ्यक्रम हो" (पृ. १०७) भनेका छन् । यस भनाइलाई हेर्दा व्यवस्थित, सहज, स्वाभाविक र क्रमबद्ध रूपमा शिक्षण तथा सिकाइका सामग्रीहरूको सङ्ग्रह गरिएको पुस्तक नै भाषा पाठ्यक्रम हो भन्न सकिन्छ । शिक्षण तथा सिकाइलाई भाषा पाठ्यक्रम के हो भन्ने सवालमा यही नै हो भनेर सबैले सहमति जनाउनु पर्ने स्थिति पाइँदैन तर पनि पाठ्यक्रमको परिचय र परिभाषाको अध्ययन तथा विश्लेषणबाट के भन्न सकिन्छ भने सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषाका चारै सीप, प्रयोजनपरक भाषिक ज्ञान र भाषिक विषयवस्तु सिकाउने उद्देश्यले निर्माण गरिएको भाषा पाठ्यक्रम नै भाषा पाठ्यक्रम हो भन्न सकिन्छ ।

अर्को भाषामा भन्ने हो भने भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ । हिँड्नका निमित्त बाटो, बस्नका निम्ति घर र पढ्नका लागि पुस्तकहरू आवश्यक भएजस्तै भाषा सिकाइका निम्ति पनि एउटा निश्चित कार्यक्रमको आवश्यकता पर्दछ । यसैले भाषाको बारेमा ज्ञानार्जनका निम्ति भाषा पाठ्यक्रमको आवश्यकता पर्दछ । यसले सिङ्गो भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दछ र भाषाका चारै सीपहरूको अध्ययन गर्न सहयोग पुऱ्याउँछ ।

**भाषा पाठ्यपुस्तक**

भाषा पाठ्यपुस्तक भनेको भाषा पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरू पूरा गराउने लक्ष्य लिई तयार गरिएको आधिकारिक शैक्षिक सामग्री हुन् । भाषा पाठ्यपुस्तक सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमबमोजिम तयार पारिएको हुन्छ । भाषा पाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित रहन्छ । यसले भाषा पाठ्यक्रमको सैद्धान्तिक कुराहरूलाई व्यावहारिक क्रियाकलाप एवम् प्रक्रियामा ढालेर उद्देश्य पूरा गर्न प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्रीको रूपमा कार्य गर्दछ । यस्ता पाठ्यपुस्तकले शिक्षकलाई के पढाउने, कति पढाउने, कसरी पढाउने,

कुन क्रममा पढाउने र कस्ता खालका अभ्यासात्मक कार्यकलापहरू गराउने भन्ने कुरामा सहयोग गर्ने वा साथी बन्ने गर्दछ । यस्ता भाषा पाठ्पुस्तकहरूलाई भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भन्न सकिन्छ । भट्टराई र आचार्य (२०७०) का अनुसार "पाठ्यपुस्तकहरूले विद्यार्थीको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका अतिरिक्त उनीहरूको रुचि, चाहना, क्षमता र आवश्यकता आदिलाई ख्याल गरेर मनोवैज्ञानिक अनुक्रमका ढाँचामा बाँधी तयार पारिन्छ । यसरी सिकारुलाई गृहकार्य गर्न, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन तथा स्वअध्ययनका साथ सिक्न सघाउ पुऱ्याउँछ" (पृ. ३३४) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यस भनाइलाई हेर्दा विद्यार्थीको स्तर, चाहना र आवश्यकताअनुसार तयार गरिएको भाषासम्बन्धी पुस्तक नै भाषा पाठ्यपुस्तक हो भन्न सकिन्छ । यसले शिक्षकले प्रदान गर्ने ज्ञानलाई सहज रूपमा विद्यार्थीले ग्रहण गर्न सक्ने क्षमता जागृत गराउन समेत सहयोग पुऱ्याउँछ । भाषा पाठ्यपुस्तकअन्तर्गत शोधशीर्षकसँग सम्बन्धित लेखाइ, सीप, विद्यालय तहमा प्रबन्ध शिक्षणको महत्त्व, लेखाइ सीपको विकासमा प्रबन्ध लेखनको स्थान, आधारभूत तहको पाठ्यक्रमा प्रबन्ध विधाको स्थान र शिक्षण प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**लेखाइ सीप :** अरूले कथ्य रूपमा अभिव्यक्त गरिएका कुरालाई मरणोपरान्त पनि सुरक्षित गरेर जीवन्त राख्न सकिने माध्यम नै लेखाइ हो । यसका साथै कुनै पनि व्यक्तिले आफूले प्राप्त गरेका अनुभव र ज्ञानलाई अरू समक्ष प्रस्तुत गर्न, भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखाइ सीपले मद्दत गर्नुका साथै बोलेर विचार, विनिमय गर्न नसकिने स्थितिमा लेखन सीपको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । अनुलेखन, श्रुतिलेखन, चिठी लेखन, कथा लेखन, अनुच्छेद लेखन, निबन्ध/प्रबन्ध कलालाई विकसित गराउने कार्यकलाप हुन् । लेखाइका बारेमा लामिछाने (२०६०) ले "लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेकको आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ सीपको आवश्यकता दैनिक व्यावहारिक कार्यमा चिठी, लेनदेन, टिपोट आदि कार्यमा र जागिर तथा व्यापारिक कार्यमा समेत महत्त्व रहेको पाइन्छ" (पृ. १०) भनी स्पष्ट पारेका छन् । यस भनाइलाई हेर्दा दैनिक व्यावहारिक कार्यमा प्रयोग गरिने चिठी, लेनदेन, टिपोट आदिको लेखन क्षमता नै

लेखन सीप हो भन्न सकिन्छ । यसैले कुनै पनि व्यक्तिले आफूले देखेका, भोगेका कथाव्यथा तथा मनमा गुम्सिएका भावनाहरूलाई प्रस्तुत गर्ने र भविष्यका लागि समेत सुरक्षित राख्नको लागि लिपि तथा चिह्नहरूको प्रयोगद्वारा अभिव्यक्त गर्नुलाई लेखाइ भनिन्छ ।

**विद्यालय तहमा प्रबन्ध शिक्षणको प्रयोजन :** विद्यालय बालबालिकाहरूको विकास गर्ने थलो हो । यहाँ विद्यार्थीहरूले आफ्नो सिर्जनात्मक सीपको विकास गर्ने अवसर प्राप्त गर्दछन् । विद्यार्थीहरूमा भाषिक सीपको विकास गर्नका लागि भाषा पाठ्यपुस्तकमा विविध साहित्यिक विधाहरू समावेश गरिएका हुन्छन् । त्यसमध्ये प्रबन्ध (निबन्ध) विधा पनि एक हो । विद्यालय तहमा निबन्ध शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूको लेखन कलाका साथै सम्पूर्ण भाषिक सीपको विकास गर्नु हो । प्रबन्ध गद्यमा रचना गरिने साहित्यको स्वतन्त्र विधा भएकाले यसको शिक्षणबाट विद्यार्थीहरूमा आफूले देखेका, सुनेका, पढेका वा अनुभव गरेका कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सीपको विकास हुन्छ । निबन्ध शिक्षणबाट विद्यार्थीहरूमा शब्दभण्डार र वाक्यगठनका साथै चुस्त अभिव्यक्ति तथा सङ्गठित रूपमा स्वतन्त्र विचार सम्प्रेषण गर्न, आफ्नो रुचिअनुसारको विषयमा मौलिक रचना गर्न, स्पष्ट र शुद्ध रूपमा रूपमा लेख्ने सीपको विकास गराउन, बोध क्षमता बढाउन, साहित्यप्रति रुचि बढाउन, शब्दभण्डारको विकास गराउन, भाषातत्त्व र व्याकरण तत्त्वका विशेषताहरू पहिचान गराउन विद्यालय तहमा प्रबन्ध लेखनको प्रयोजन महत्त्वपूर्ण हुन्छ ।

यी प्रयोजनबाहेक प्रबन्ध शिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि प्रत्यक्ष सम्बन्ध राख्दछ । समग्रमा सर्जकहरूका रचनालाई समीक्षात्मक विश्लेषणात्मक ढङ्गले हेर्ने, बुझ्ने र आत्मसात गर्ने क्षमताको विकास गराउन समेत अभिप्रेरणा मिल्ने हुनाले विद्यालयहरूमा प्रबन्ध लेखन तथा शिक्षणले विद्यार्थीहरूमा लेखनकलाको विकास, सिर्जनात्मक क्षमताको विकास, शब्दभण्डारको वृद्धि गर्न, भाषातत्त्व र व्याकरण, तथ्यगत विशेषताहरूको पहिचान गर्न र साहित्य सिर्जना गर्ने सीपको विकास गराउनेजस्ता औचित्यहरू रहेका छन् ।

**लेखाइ सीपको विकासमा प्रबन्ध लेखनको स्थान :** लेखन सीपलाई राम्रो बनाउन साहित्यका विभिन्न विधाहरूको जस्तै प्रबन्ध लेखनको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस कुरालाई प्रष्ट पार्दै शर्मा (२०७०) ले "भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् । मानवीय मनको विचार वा भावनाहरूलाई ध्वन्यात्मक सङ्केतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुने र ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको माध्यमबाट अभिव्यक्त गर्दा लिखित भाषा तयार हुने गर्दछ" (पृ. १२) भनेका छन् । यस भनाइलाई हेर्दा प्रबन्ध लेखन भन्नाले कुनै पनि विषयवस्तुमा केन्द्रित भई स्वतन्त्र ढङ्गले गरिने गद्यात्मक अभिव्यक्ति हो । लेखन क्षमताका बारेमा अधिकारी (२०६५) ले "विद्यार्थीहरूले प्रारम्भिक तहदेखि नै चित्र वर्णन, यात्रा वर्णन, अनुलेखन, श्रुतिलेखन, चिठी तथा निवेदन लेखनजस्ता विभिन्न लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ" (पृ. १११) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यसबाट बुझ्न सकिन्छ कि विद्यार्थीलाई आधारभूत तहबाट नै लेखन सीपमा आबद्ध गराएको खण्डमा उनीहरूको लेखन क्षमता अभिवृद्धि हुन्छ र माथिल्लो तहमा पुग्नको लागि एक खुड्किलो बन्न जान्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्दछ । निबन्ध लेखनलाई लेखनकलाको महत्त्वपूर्ण कार्यकलापका रूपमा लिन सकिन्छ । प्रबन्ध लेखनबाट लेखन कलाको विकास हुने भएकाले यसबाट स्वतन्त्र किसिमका शैक्षिक कार्यकलापहरू गराउन सकिन्छ । त्यसैले आधारभूत तहदेखि नै विद्यार्थीहरूलाई प्रबन्ध लेखनसम्बन्धी अभ्यासलाई प्राथमिकताका साथ समावेश गरिएको देखिन्छ । प्रबन्ध लेखनमा वर्णविन्यास, व्याकरण, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यरचना, विषयवस्तुको थालनी, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसरी विद्यार्थीहरूमा लेखनकलामा परिपक्व एवम् दक्ष पार्न लेखाइसम्बन्धी धारणात्मक सीप विकास गर्न प्रबन्ध लेखनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**आधारभूत तहमा प्रबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया :** वर्तमान पाठ्यक्रममा प्रबन्ध विधाको स्थान र शिक्षण प्रक्रियालाई छुट्टै स्थान दिइएको छ । प्रबन्धले नेपाली पाठ्यक्रममा स्वतन्त्र विधाको रूपमा स्थान पाएको छ । आधारभूत तह

भन्नाले वर्तमान शैक्षिक प्रणालीअनुसार कक्षा एकदेखि आठसम्मलाई मानेको छ । आधारभूत तहको पाठ्यक्रमले नेपाली पुस्तकमा विभिन्न खालको साहित्यिक विधाहरूलाई क्रम मिलाएर समावेश गरेको छ । जसमा प्रबन्ध विधा पनि एक हो । लेखाइ सीप विकास गराउन प्रबन्धलाई पाठ्यक्रमले महत्त्व दिएको पाइन्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, सस्वर पठन, शब्दोच्चारण, श्रुति लेखन, अनुलेखन आदिको उपयोग गर्नुपर्छ भन्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ । प्रबन्ध विधाको शिक्षणका अतिरिक्त 'सिर्जनात्मक अभ्यास' शीर्षकअन्तर्गत पाठसँग सम्बन्धित शीर्षकहरू दिई प्रबन्ध लेखनका अभ्यासहरू समावेश गरिएका छन् । यस तहमा विद्यार्थीहरूका स्तरअनुसार विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना लेख्न सक्षम हुन्छन् भन्ने अपेक्षा राखिनुबाट लेखाइ सीप विकासमा पाठ्यक्रमले उचित व्यवस्था गरेको पाइन्छ । जसबाट लेखाइ सीप विकास अर्थात् लेखन क्षमताको विकास गराउन पाठ्यक्रमले महत्त्व दिएको स्पष्ट हुन्छ । यसै क्रममा कक्षा आठका विद्यार्थीहरूबाट लेखाइ सीप विकासका क्रममा विभिन्न विषयमा सिलसिला मिलाई प्रबन्ध लेखन गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौनपठन, प्रश्नोत्तर, सस्वर पठन, शब्दोच्चारण, श्रुतिलेखन, अनुलेखन आदिको उपयोग गर्नुपर्दछ भन्ने कुरा पाठ्यक्रममा प्रस्तुत गरिएको छ ।

उल्लिखित पक्षहरूलाई हेर्दा आधारभूत तहको पाठ्यक्रमले प्रबन्ध शिक्षणलाई अनिवार्य रूपमा राखेको पाइन्छ । पाठ्यक्रममा लेखाइ सीपअन्तर्गतका विषय र क्षेत्रहरू बढी राखिनु र त्यसमा प्रबन्ध लेखनसँग बढी सम्बन्धित रहनुले पनि उक्त कुराको पुष्टि हुन्छ । यसैले  विद्यार्थीहरूमा लेखनकलाको विकास गराउन, अनुभव गरेका कुराहरू सिलसिलाबद्ध रूपमा लेखेर प्रस्तुत गर्न, मौलिक र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्न, बोध र अभिव्यक्तिको विकास गर्न, लेख्य भाषाको प्रौढतासँग परिचित गराउन, विभिन्न विषय-क्षेत्रका शब्दभण्डारको वृद्धि गर्न, भाषा तत्त्व र व्याकरण तथ्यगत विषेशताहरूको पहिचान गर्न, साहित्यप्रति अनुराग बढाउन र साहित्य सिर्जना गर्ने सीपमा विकास गराउन सक्छन् भन्नेजस्ता कुराहरूलाई आधारभूत तहमा निबन्ध शिक्षणको प्रयोजनको रूपमा लिन सकिन्छ ।

यसैले आधारभूत तहमा पनि प्रबन्ध (निबन्ध) शिक्षणको आवश्यकता रहेको प्रष्ट हुन आउँछ ।

## सारांश

यस अध्यायमा शोधशीर्षकसँग सम्बन्धित सैद्धान्तिक तथा प्रायोगिक पुनरावलोकन प्रस्तुत गरिनुका साथै ती सैद्धान्तिक तथा प्रायोगिक पुनरावलोकनको अनुप्रयोग प्रस्तुत गरिएको छ । सैद्धान्तिक पुनरावलोकभित्र शोधको शीर्षकसँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित पुस्तकहरूको बारेमा उनीहरूले लेखेका कुराहरूको बारेमा जानकारी प्रस्तुत गरिएको छ भने प्रायोगिक पुनरावलोकनअन्तर्गत शोधको शीर्षकसँग सम्बन्धित विभिन्न शोधकार्यहरूको अध्ययन गरी तिनीहरूको निष्कर्षको बारेमा सङ्क्षिप्त व्याख्या गरिएको छ । ती अवलोकनले गर्न लागिएको शोधकार्यले केकस्तो प्रभाव पारेको छ भन्ने कुरा उल्लेख गरिएको छ । यसपछि प्रबन्धको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने क्रममा प्रबन्ध अर्थात् निबन्धको पृष्ठभूमि, प्रबन्धको परिचयको व्याख्या र विश्लेषण गरिएको छ । यसैगरी प्रबन्धका प्रकारअन्तर्गत आत्मपरक प्रबन्ध र वस्तुपरक प्रबन्धको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । यसपछि भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र भाषिक सीपअन्तर्गत भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तकको व्याख्या गरिएको छ भने त्यसपछि लेखाइ सीप, विद्यालय तहमा प्रबन्ध शिक्षणको प्रयोजन, लेखाइ सीपको विकासमा प्रबन्ध लेखनको स्थानको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय तीन

## अध्ययन विधि

प्रस्तुत शोधकार्यलाई निश्चित उद्देश्यका साथ पूर्णता दिनका लागि *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा प्रत्यक्ष सम्बन्धित विद्यार्थीहरूलाई नै केन्द्रविन्दु बनाई क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । क्षेत्रीय अध्ययन विधिलाई स्थलगत अध्ययन विधि पनि भनिन्छ । यसै विधिबाट अध्ययन अगाडि बढाइएको छ । यसको लागि भरतपुर महानगरपालिकाभित्र पर्ने विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये नमुना छनोटमा परेका जम्मा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दसवटा विद्यालयमा अध्ययनरत एक सयजना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । प्रस्तुत शोधको उद्देश्य प्राप्तिका साथै गुणात्मकता निष्कर्षका लागि स्वअध्ययन तथा पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलन गर्नको लागि नमुना छनोटमा परेका प्रत्येक छात्र-छात्राहरूलाई एउटा प्रबन्ध लेख्न दिई उनीहरूबाट प्राप्त तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## अनुसन्धान ढाँचा

यस शोधकार्य प्रबन्ध लेखनसँग सम्बन्धी रहने हुनाले यसै विषयसँग सम्बन्धित सामग्रीहरूको अध्ययन आवश्यक पर्ने गुणात्मक अध्ययन ढाँचामा आधारित रहेको छ ।

## नमुना छनोट प्रक्रिया

प्रस्तुत शोधकार्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययनसँग सम्बन्धित रहेको छ । प्रस्तुत अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइएको छ । नमुना छनोट गर्नको लागि प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन पद्धतिको प्रयोग गरिएको छ र विद्यार्थीको समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको आधारमा अध्ययन गरिएको छ । यसका लागि अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने गरी प्रति विद्यालय पाँचजना छात्र र पाँचजना छात्रा गरी प्रति विद्यालयका दसजना विद्यार्थीका दरले जम्मा सयजना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ ।

## सामग्री सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्य विद्यार्थीको प्रबन्ध लेखन क्षमतासँग सम्बन्धित रहेकाले सोहीअनुसार विद्यार्थीको समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको आधारमा अध्ययन गरिएको छ । यसका लागि विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको परीक्षण गरी प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अध्ययनका क्रममा कक्षा आठका विद्यार्थीहरूलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने यस प्रबन्ध (निबन्ध) लेखनसँगसम्बन्धित रहने प्रकाशित गरिएका विभिन्न लेख, रचना, जर्नल, अध्ययन प्रतिवेदन, आलेख आदि द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### तथ्य सङ्कलनका साधन

कुनै पनि शोध अध्ययनका क्रममा विभिन्न तथ्यहरूलाई सङ्कलन गरिन्छ, जसले गर्दा शोध अध्ययन स्तरीय, विश्वसनीय रहने यकिन गर्न सकिन्छ । यसरी सङ्कलन गरिने सामग्रीहरूलाई निम्न दुई भागमा विभाजन गर्न सकिन्छ :

***प्राथमिक स्रोत :*** प्रस्तुत अध्ययनका क्रममा प्राथमिक सामग्री सङ्कलन गर्न सम्बन्धित विद्यालयका विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरिएको छ । विद्यार्थीहरूलाई दुईवटा शीर्षक दिई निबन्ध लेखन कार्य गराइएको छ । प्राथमिक स्रोत निर्माण गर्ने क्रममा एउटा शीर्षक ‘कम्प्युटरको महत्त्व’ र अर्को शीर्षक ‘आफूले घुमेको ठाउँ’ दिई कुनै एकमा विद्यार्थीहरूलाई प्रबन्ध लेख्न लगाई सामग्री सङ्कलन गरिएको छ ।


***द्वितीयक स्रोत :*** प्रबन्ध लेखन शीर्षकको प्रस्तुत शोध शीर्षकसँग प्रत्यक्ष रूपमा सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, प्रकाशित अप्रकाशित शोधहरू, खोजमूलक लेख, रचना आदि नै द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

## तथ्य सङ्कलन

शोधपत्रलाई विश्वसनीय, वैद्य र प्रमाणित बनाउनका लागि सङ्कलन गरिएका सामग्रीबाट विभिन्न तालिका तथा उदाहरणहरू प्राथमिक स्रोतबाट अध्ययन गरी प्राप्त गरिएको छ भने विभिन्न सङ्घ वा संस्था, पुस्तकालय, इमेल, इन्टरनेट, शोधपत्र, शोधप्रबन्ध, लेख, रचना, शोधनिर्देशक तथा विद्वान्हरूका प्रवचन तथा दिशानिर्देशलाई द्वितीयक सामग्रीका लिइएको छ । यसरी विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी पुस्तकालयीय तथा स्वअध्ययन प्रयोग गरी तथ्य सङ्कलन गरिएको छ । यसैगरी प्रस्तुत शोधकार्यलाई पूर्ण गर्नका लागि भरतपुर महानगरपालिकामा रहेका श्री राष्ट्रिय माध्यमिक विद्यालय शोसी, श्री प्रभात माध्यमिक विद्यालय, शुक्रनगर; श्री जनज्योति प.ध.म. माध्यमिक विद्यालय, अमृतनगर; श्री सरस्वती माध्यमिक विद्यालय, मधिपुर; श्री सिद्धार्थ माध्यमिक विद्यालय, केरुङ्गा गरी पाँचवटा सामुदायिक विद्यालय तथा श्री गोल्डेन फ्युचर एकेडेमी, अमृतनगर; श्री ब्राइट फ्युचर एकेडेमी, तेलौली; श्री मदरल्याण्ड आवासीय माध्यमिक विद्यालय, शुक्रनगर; श्री पारामाउण्ड आवासीय माध्यमिक विद्यालय, पर्साढाप र श्री कालिका आवासीय माध्यमिक विद्यालय, दिव्यनगर गरी पाँचवटा संस्थागत विद्यालयहरू रहेका छन् ।

### अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र सङ्ख्या १ : *शोधपत्रको ढाँचा*

## व्याख्या र विश्लेषण

कुनै पनि कार्यलाई सही, व्यवस्थित तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक हुन्छ। स्वतन्त्र लेखनमा कुनै एक वा एकभन्दा बढी शीर्षक र त्यससँग सम्बन्धित केही बुँदाहरू पनि दिई विद्यार्थीहरूलाई प्रबन्ध लेख्न दिइएको छ। विद्यार्थीहरूबाट प्राप्त उत्तरपुस्तिकालाई विद्यार्थीको समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूका आधारमा तुलना गर्ने, व्याख्या तथा विश्लेषण गरिएको छ। विश्लेषण गर्ने क्रममा विषयवस्तुलाई चालिस, संरचनालाई तीस, भाषाशैलीलाई बीस र वर्णविन्यासलाई दस गरी जम्मा एक सय अङ्कमा वर्गीकरण गरिएको छ। यसबाट प्राप्त नतिजालाई एकआपसमा तुलना गरी निष्कर्ष निकालिएको छ। शोधकार्यको उद्देश्यअनुसार प्राप्त तथ्याङ्कहरूलाई प्रतिशत र मध्यमानबाट तालिकीकरण गरी त्यसको व्याख्या तथा विश्लेषण गरिएको छ।

विद्यार्थीहरूको उत्तरपुस्तिकाको जाँचपश्चात् प्रश्नहरूको छुट्टाछुट्टै अङ्क गणना गरियो। सम्पूर्ण प्राप्ताङ्कलाई विद्यार्थीको समग्रता, लिङ्गगत र विद्यालयको प्रकृति समूहहरूमा वर्गीकरण गरी तालिकीकरणको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरियो। तथ्यको विश्लेषणको क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो। त्यसैगरी मध्यमान र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको व्याख्या विश्लेषण गरियो। समूहगत र समग्र आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा केकति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालियो।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याएका साङ्ख्यिकीय सूत्रहरू यसप्रकार रहेका छन् :

(क) प्रतिशताङ्क गणना गर्न उपयोगमा ल्याइएको सूत्र :

प्रतिशत $p = \frac{R}{T} \times 100$

यहाँ P = प्रतिशत

R = तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T = कुल विद्यार्थी सङ्ख्या

(ख) मध्यमान निर्धारण गर्न प्रयोगमा ल्याइएको सूत्र :

$$\bar{X} = \frac{\sum X}{N}$$

यहाँ,

$\bar{X}$ = मध्यमान

$\sum X$ = प्राप्ताङ्कहरूको कुल योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

X = प्राप्त तथ्याङ्क

(ग) मानक विचलन गणना गर्न प्रयोगमा ल्याइएको सूत्र :

$$\alpha = \frac{\sqrt{\sum x^2 - [(\sum x)^2 / N]}}{N}$$

यहाँ,

$\alpha$ = मानक विचलन

$\sum$ = योगफल

$\sum x$ = प्राप्ताङ्कको कुलयोग

N = जम्मा विद्यार्थी सङ्ख्या

$(\sum x)^2$ = प्राप्त तथ्याङ्क

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकसँग सम्बन्धित रहेकाले सोही शीर्षकसँग सम्बन्धित रही अध्ययन गरिएको छ, जसमा विद्यार्थीको समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूमा वर्गीकरण गरी उनीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाई व्याख्या तथा विश्लेषण गरिएको छ भने आवश्यकता परेको स्थानमा तालिकीकरण गरी त्यसको समेत व्याख्या गरिएको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रमा पाँच अध्याय रहेका छन् । पहिलो अध्यायको शीर्षक 'शोधपरिचय' रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधको औचित्य, सीमाङ्कन र सारांश प्रस्तुत गरिएका छन् भने दोस्रो अध्यायलाई 'सम्बन्धित कार्यको पुनरावलोकन' शीर्षक दिई सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगका साथै प्रबन्धको सैद्धान्तिक अवधारणा पनि चर्चा गरिएको छ भने अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ । त्यसैगरी तेस्रो अध्यायलाई 'शोधविधि' शीर्षक दिई अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन आदिको व्याख्या र विश्लेषण गरिएको छ भने अन्त्यमा नतिजा र छलफलका साथै अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायलाई 'व्याख्या र विश्लेषण' शीर्षक दिई अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूलाई विभिन्न प्रकारका गणीतीय सूत्रहरूको प्रयोग गरी विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको व्याख्या र विश्लेषण गरिएको छ भने पाँचौं तथा अन्तिम अध्यायलाई 'सारांश, निष्कर्ष र उपादेयता' शीर्षक दिई सबै अध्यायको अध्यायगत अध्ययन गरी प्रस्तुत गरिएको छ भने अन्त्यमा सन्दर्भसूची, परिशिष्ट र व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्यलाई पुरा गरिएको छ ।

## सारांश

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायलाई 'शोधविधि' शीर्षक दिइएको छ । जसमा गुणात्मक ढाँचा अपनाएर अनुसन्धान गर्ने क्रममा शोधको छनोट गर्नका लागि नमुना छनोट

प्रक्रिया, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोतका रूपमा कक्षा आठका विद्यार्थीहरू र द्वितीयक सामग्रीका रूपमा कृतिसँग सम्बन्धित भएर लेखिएका लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई राखिएको छ । त्यसैगरी प्राथमिक वा द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन, अवधारणात्मक ढाँचा र नतिजा र छलफलको बारेमा पनि चर्चा गरिएको छ । अध्यायको अन्त्यमा शोधपत्रको रूपरेखा तथा तेस्रो अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

## अध्याय चार

## व्याख्या र विश्लेषण

प्रस्तुत शोधपत्रमा चितवन जिल्ला, भरतपुर महानगरपालिकाभित्र कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता पत्ता लगाउने उद्देश्य राखेर गरिएको हो । नमुना छनोटमा परेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी दसवटा विद्यालयका सयजना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान र मानक विचलनजस्ता तथ्याङ्कशास्त्रीय विश्लेषणलाई आधार मानी विद्यार्थीहरूलाई ०-२०, २१-४०, ४१-६०, ६१-८० र ८० भन्दामाथि अङ्क प्राप्त गर्ने पाँच समूहमा वर्गीकरण गरिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणहरूका साथै चलहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

### समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति

अध्ययनका लागि छनोट गरिएका सयजना विद्यार्थीहरू समग्र विद्यार्थीहरू हुन् । तिनै विद्यार्थीहरूद्वारा लेखिएका प्रबन्धलाई परीक्षण गरी अङ्क प्रदान गर्नुका साथै परीक्षणकै आधारमा प्रबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या १ : *समग्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ० | ० | २ | २ | ५ | ५ | ३८ | ३८ | ५५ | ५५ |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि विद्यार्थी सङ्ख्याका रूपमा छनोट गरिएका कुल १०० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको  छ । समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता अध्ययन गर्दा ० देखि २० सम्म अङ्क प्राप्त गर्ने

विद्यार्थी कोही नभएको, २१ देखि ४० सम्म अङ्क प्राप्त गर्ने २ जना अर्थात् २ प्रतिशत, ४१ देखि ६० सम्म अङ्क प्राप्त गर्ने ५ जना अर्थात् ५ प्रतिशत, ६१ देखि ८० सम्म अङ्क प्राप्त गर्ने ३८ जना अर्थात् ३८ प्रतिशत र ८१ देखिमाथि अङ्क प्राप्त गर्ने ५५ जना अर्थात् ५५ प्रतिशत रहेको देखिन्छ । यस तथ्यले अति न्यून अङ्क २१-४० अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ जना अर्थात् २ प्रतिशत रहेको छ भने अधिकतम अर्थात् ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५५ जना अर्थात् ५५ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको प्रतिशताङ्कको आधारमा प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यस तथ्याङ्कलाई मध्यमान र मानक विचलनका आधारमा तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका सङ्ख्या २ : *मध्यमान र मानक विचलनका समग्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७७.७५ | २.२२ | ५५ | ५५ | ४५ | ४५ |

स्रोत : स्थलगत अध्ययन, २०७८

मानक विचलनको आधारमा देखिने भिन्नता औषत भिन्नता हो र मानक विचलन जति बढी विचलित हुन्छ त्यति नै असन्तुलित हुन्छ । प्रस्तुत तालिकालाई अध्ययन गर्दा मध्यमान ७५.७५ देखिन्छ भने मानक विचलन २.२२ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि ५५ अर्थात् ५५ प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या ४५ अर्थात् ४५ प्रतिशत रहेको देखिन्छ ।

मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको अन्तर १० प्रतिशत देखिएको छ । समग्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी रहेको देखिनाले समग्रमा कक्षा आठमा अध्ययनरत नमुना छनोटमा परेका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

**विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन**

विद्यालयको प्रकृतिका आधारमा भन्नाले सामुदायिक र संस्थागत विद्यालय हुन् । प्रस्तुत अध्ययनमा भरतपुर महानगरपालिकाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयबाट सयजना विद्यार्थीहरू छनोट गरिएको छ र तिनै विद्यार्थीहरूद्वारा लेखिएका प्रबन्धलाई परीक्षणको आधारमा प्रबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन**

नमुना छनोटमा परेका पाँचवटा सामुदायिक विद्यालयका पचासजना विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइयो :

तालिका सङ्ख्या ३ : *सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ० | ० | २ | ४ | २६ | ५२ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार सामुदायिक विद्यालयका छनोट गरिएका कुल ५० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-४० प्रतिशतसम्म प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरू नरहेको देखिन्छ । ४१-६० प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि २ अर्थात् ४ प्रतिशत, ६१-८० प्रतिशतका बीचमा प्रबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २६ जना अर्थात् ५२ प्रतिशत र ८१ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ । उल्लिखित तथ्यलाई

दृष्टिगत गर्दा ८० प्रतिशतभन्दा माथि प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत रहेकाले उनीहरूको प्रतिशताङ्कताको आधारमा प्रबन्ध लेखन क्षमता राम्रो देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति**

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये नमुना छनोटमा परेका पचासजना विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या ४ : *मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७७.७५ | २.५३ | २२ | ४४ | २८ | ५६ |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिकालाई अध्ययन गर्दा मध्यमान ७५.७५ देखिन्छ भने मानक विचलन २.५३ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि २२ जना अर्थात् ४४ प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या २८ जना अर्थात् ५६ प्रतिशत रहेको देखिन्छ । यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता केही कमजोरजस्तो देखिए तापनि समग्रमा राम्रो नै रहेको मान्न सकिन्छ ।

**संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन**

नमुना छनोटमा परेका पाँचवटा संस्थागत विद्यालयका पचासजना विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको पाइयो :

तालिका सङ्ख्या ५ : *संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | २ | ४ | ३ | ६ | १२ | २४ | ३३ | ६६ |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएका कुल ५० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ। जसअनुसार ०-२० प्रतिशतसम्म प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरू नरहेको, २१-४० प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि २ जना अर्थात् ४ प्रतिशत, ४१-६० प्रतिशतका बीचको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि ६ अर्थात् १२ प्रतिशत, ६१-८० प्रतिशतका बीचमा प्रबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या १२ जना अर्थात् २२ प्रतिशत र ८१ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत रहेको देखिन्छ। यसर्थ यस अध्ययनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उल्लिखित तथ्यलाई दृष्टिगत गर्दा ८० प्रतिशतभन्दा माथि प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरू ६६ प्रतिशत रहेकाले उनीहरूको प्रतिशताङ्कताको आधारमा प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ।

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति**

संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये नमुना छनोटमा परेका पचासजना विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या ६ : *मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७९.२ | ४.०४ | ३३ | ६६ | १७ | ३४ |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिकालाई अध्ययन गर्दा मध्यमान ७३.२ देखिन्छ भने मानक विचलन ४.०४ देखिन्छ। मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत रहेको देखिन्छ। मध्यमानभन्दा माथि र तल प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको तुलना गर्दा मध्यमानभन्दा माथि धेरै देखिएकाले संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ।

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना

नमुना छनोटमा परेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूबाट सङ्कलित तथ्याङ्कका आधारमा अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबीच प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :


तालिका सङ्ख्या ७ : *विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना*

| विद्यालयको प्रकृति | कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ० | ० | ० | ० | २ | ४ | २६ | ५२ | २२ | ४४ |
| संस्थागत | ५० | ० | ० | २ | ४ | ३ | ६ | १२ | २४ | ३३ | ६६ |

स्रोत : तालिका सङ्ख्या ३ र ५ ।

माथि दिइएको तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको नतिजालाई प्रतिशताङ्कको आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

रेखाचित्र सङ्ख्या २ : *विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना*




स्रोत : तालिका सङ्ख्या ७

प्रस्तुत तालिका र रेखाचित्रमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमतालाई देखाइएको छ । यस तथ्याङ्कमा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूलाई १०० पूर्णाङ्कको प्रबन्ध लेख्न लगाइएको थियो । सामुदायिक विद्यालयका विद्यार्थीहरूतर्फ सबैभन्दा कम अर्थात् ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ४ प्रतिशत रहेको छ भने ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ५२ प्रतिशत र ८१ प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी ४४ प्रतिशत रहेको छ । यस तथ्यलाई हेदा ६० भन्दा कम अङ्क ल्याउने कोही पनि छैनन् ।  त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूतर्फ सबैभन्दा कम अर्थात् २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ४ प्रतिशत रहेको, ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ६ प्रतिशत, ६१-६८ प्रतिशत अङ्क विद्यार्थी २४ प्रतिशत र ८१ प्रतिशतभन्दा बढी अङ्क विद्यार्थी ६६ प्रतिशत रहेको छ भने २० प्रतिशत भन्दा कम अङ्क ल्याउने कोही पनि छैनन् ।

यस तथ्यलाई हेर्दा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता अधिकतम अर्थात् ८१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी ४४ प्रतिशत रहेको र संस्थागत विद्यालयका विद्यार्थीहरूको ६६ प्रतिशत रहेकाले विद्यालयको प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता सन्तोषजक रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको अधिकतम प्रबन्ध लेखन क्षमता ६६ प्रतिशत मात्र रहेकाले उनीहरूलाई अतिरिक्त क्रियाकलापअन्तर्गत पनि यस विधा थप्नु पर्ने देखियो । जसले गर्दा उनीहरूले अन्य समयमा पनि यस विधातर्फ आकृष्ट भएर ज्ञानार्जन गर्न सफल बन्न प्रेरणा मिलोस् । यसका लागि विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू सजग बन्नुपर्ने देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक  र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना**

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये प्रबन्ध लेखन क्षमतालाई निम्नानुसार तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ :


तालिका सङ्ख्या ८ : *मध्यमान र मानक विचलनका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना*

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ७५.७ | ७७.७५ | २.५३ | ४४ | ५६ |
| संस्थागत | ५० | ७९.२ | | ४.०४ | ६६ | ३४ |

स्रोत : तालिका सङ्ख्या ४ र ६

माथि दिइएको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलनको अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

रेखाचित्र सङ्ख्या ३ : *मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना*




स्रोत : तालिका सङ्ख्या ८

प्रस्तुत तालिका र रेखाचित्रका अनुसार कूल प्रतिनिधि जनसङ्ख्या १०० रहेको र यस अध्ययनमा विद्यालयका प्रकृतिका दृष्टिले सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूलाई प्रबन्ध लेखन क्षमताको तुलना गर्न प्रतिनिधि विद्यार्थीको रूपमा छनोट गरिएको छ। समूहको समग्र मध्यमान ७७.७५ र मानक विचलन २.२२ रहेको छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ७५.७ र मानक विचलन २.५३ रहेको छ। यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ७५.७ र मानक विचलन २.५३ रहेको छ। उक्त तालिकालाई आधार मानी तुलना गर्दा दुवै प्रकृतिका विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता सन्तोषजनक नै देखिन्छ।

मानक विचलनलाई आधार मान्दा समूहगत रूपमा मानक विचलनको स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको समूहतर्फ २.५३ र संस्थागत विद्यालयका विद्यार्थीहरूको समूहतर्फ ४.०४ देखिएको छ र यी दुई समूहको अन्तर १.५३ देखिन्छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको विचलन कम रहेको देखिन्छ। यसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमतामा सन्तोषजनक रहेको देखिन्छ।

## लैङ्गिक आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन

विद्यार्थीको लैङ्गिक आधार भन्नाले छात्र र छात्रा भन्ने बुझिन्छ । यस अध्ययनका लागि छात्र विद्यार्थीहरू पचासजना र छात्रा विद्यार्थीहरू पचासजना गरी सयजना विद्यार्थीहरू गरी दुई वर्गमा वर्गीकरण गरी छनोट गरिएको छ र तिनै विद्यार्थीहरूद्वारा लेखिएका प्रबन्धहरूलाई परीक्षण उनीहरूले प्राप्त गरेको अङ्कको आधारमा प्रबन्ध लेखन क्षमताको स्थिति निर्धारण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत सयजना विद्यार्थीहरूमध्ये पचासजना छात्रा विद्यार्थीहरू रहेका छन् । उनीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

तालिका सङ्ख्या ९ : *छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क*

| कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ० | ० | १ | २ | १६ | ३२ | ३३ | ६६ |

स्रोत : स्थलगत अध्ययन, २०७८

माथिको तालिकाअनुसार छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएका ५० जनालाई उनीहरूको प्रतिशताङ्कको आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । ०-२०, २१-४० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरू नरहेको देखिएको छ । ४१-६० प्रतिशत प्राप्त गर्ने २ प्रतिशत, ६१-८० प्रतिशत बीचको अङ्क प्राप्त गर्ने ६६ प्रतिशत र ८१ भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी ६६ प्रतिशत रहेको देखिन्छ । यस अध्ययनमा सबैभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी नरहेको र सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६६ प्रतिशत रहेको देखिएकाले छात्रा विद्यार्थीहरूको प्रतिशताङ्कताको आधारमा प्रबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

### मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति

मध्यमान र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई मानक विचलनका आधारमा तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या १० : *मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ८०.९ | १.९४ | ३३ | ६६ | १७ | ३४ |

स्रोत : स्थलगत अध्ययन, २०७८

माथिको तालिकाअनुसार मध्यमान ८०.९ रहेको छ भने मानक विचलन १.९४ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्माण गरी हेर्दा कूल छात्रा विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा तलको सङ्ख्या १७ अर्थात् ३४ प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि प्रबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको धेरै अङ्क आएकाले उनीहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

प्रस्तुत तालिकामा मानक विचलन १.९४ देखिएको छ । मानक विचलन जति कम हुन्छ त्यति नै असन्तुलित हुन्छ । मानक विचलन १.९४ देखिनुले कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको  प्रबन्ध लेखन क्षमतामा एकरूपता पाइएको छ ।

### छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन

नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत सयजना विद्यार्थीहरूमध्ये पचासजना छात्र विद्यार्थीहरू रहेका छन् । उनीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन निम्नानुसार गरिएको छ :

तालिका सङ्ख्या ११ : *छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क*

| कुल सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | २ | ४ | ४ | ८ | २२ | ४४ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७८

माथिको तालिकअनुसार कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमतालाई प्रस्तुत गरिएको छ । ०-२० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी नभएको, २१-४० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ अर्थात् ४ प्रतिशत, ४१-६० प्रतिशत प्राप्त गर्ने ४ अर्थात् ८ प्रतिशत, ६१-८० र ८१ देखिमाथि अङ्क प्राप्त गर्ने २२ अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ । यस तालिकाअनुसार सबैभन्दा बढी र बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू बराबर अर्थात् ४४/४४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति**

मध्यमान र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई मानक विचलनका आधारमा तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या १२ : *मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको प्रबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७३ | ३.७६ | ३० | ६० | २० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७८

माथिको तालिकाअनुसार नमुना छनोट गरिएका ५० जना छात्र विद्यार्थीहरूको मध्यमान ७३ रहेको देखिन्छ भने मानक विचलन ३.७६ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूहमा वर्गीकरण गरेर हेर्दा कूल छात्र विद्यार्थी सङ्ख्या ५० मध्येबाट ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र तल प्रबन्ध लेखन क्षमता भएका छात्र विद्यार्थीहरूमा २० प्रतिशत अन्तर देखिएकाले समग्रमा प्रबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका कक्षा आठमा अध्ययनरत पचासजना छात्र र पचासजना छात्रा गरी जम्मा सयजना विद्यार्थीहरूलाई लिइएको छ । उनीहरूको प्रबन्ध लेखन क्षमताको स्थितिलाई निम्नानुसार तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ :


तालिका सङ्ख्या १३ : *छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति*

| विद्यार्थीको वर्गीकरण | विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत | | २१-४० प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ० | ० | २ | ४ | ४ | ८ | २२ | ४४ | २२ | ४४ |
| छात्रा | ५० | ० | ० | ० | ० | १ | २ | १६ | ३२ | ३३ | ६६ |

स्रोत : तालिका सङ्ख्या ९ र ११ ।

माथि दिइएको तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको नतिजालाई प्रतिशताङ्कको आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

रेखाचित्र सङ्ख्या ४ : *छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति*




स्रोत : तालिका सङ्ख्या १३

माथिको तालिक र रेखाचित्रअनुसार कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा प्रबन्ध लेखन क्षमता देखाइएको छ । यस तथ्याङ्कमा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूमध्ये छात्रहरूले सबैभन्दा कम २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू २ जना अर्थात् ४ प्रतिशत, ४१-६० प्रतिशत प्राप्त गर्ने ४ जना अर्थात् ८ प्रतिशत, ६१-८० र ८१ देखि माथिको अङ्क प्राप्त गर्ने दुबै समूहमा समान २२ जना अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ । यस तालिकाअनुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू अर्थात् ३३ जना अर्थात् ६६ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## सारांश

प्रस्तुत शोधपत्रको चौथो अध्यायलाई ‘प्रबन्ध लेखन क्षमताको अध्ययन’ दिई अध्ययन विश्लेषण गरिएको छ । यस अध्यायमा चितवन जिल्ला, भरतपुर महानगरपालिकाभित्र कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता पत्ता लगाउने उद्देश्य राखेर नमुना छनोटमा परेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी दसवटा विद्यालयका सयजना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान र मानक विचलनजस्ता

तथ्याङ्कशास्त्रीय विश्लेषणलाई आधार मानी विद्यार्थीहरूलाई ०-२०, २१-४०, ४१-६०, ६१-८० र ८० भन्दामाथि अङ्क प्राप्त गर्ने पाँच समूहमा वर्गीकरण गरिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणहरूका साथ विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा 'समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति', 'विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन' अन्तर्गत 'सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन' र 'मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति'; 'संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन'; 'मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति', 'सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना'; 'मध्यमान र मानक विचलनका आधारमा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलना'; 'लैङ्गिक आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन'; 'छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन'; 'छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति'; 'छात्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन'; 'छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको स्थिति'; 'छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति' उपशीर्षक दिई विद्यार्थीहरूले प्राप्त गरेको तथ्याङ्कको आधारमा तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

प्रस्तुत शोधपत्रको शीर्षक *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन* रहेको छ । *कक्षा आठको नेपाली* पाठ्यपुस्तकमा चारवटा प्रबन्धहरू समावेश गरिएका छन् । विद्यार्थीहरूलाई प्रबन्ध लेखनसँग सम्बन्धित विषयप्रतिको दृष्टिकोण निर्माणमा सहयोग गर्न तथा वर्णनकला र लेखनकला वा विषय विस्तार गर्नसक्ने क्षमताको वृद्धि गराउन प्रेरित गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

शोधपत्रको पहिलो अध्यायलाई 'शोधपरिचय' शीर्षक दिई प्रबन्ध (निबन्ध) को सामान्य परिचय दिइएको छ भने समस्याकथनअन्तर्गत शोधकार्यका मुख्य तथा सहायक समस्याहरू प्रस्तुत गरिएको छ । यस्तै शोधको समस्यासँग सम्बन्धित रहेर केके उद्देश्यहरूमा आधारित रही शोधकार्यलाई पूर्णता दिने भनेर शोधको उद्देश्य उपशीर्षक दिइएको छ । शोधकार्यको केकस्ता उपयोगिता र सान्दर्भिकता छन् भनी शोधको सान्दर्भिकता उपशीर्षक दिई सङ्क्षिप्त गरिएको छ । यसैगरी शोधमा आएका केही सान्दर्भिक शब्दावलीलाई समावेश गरी पारिभाषिक शब्दावली प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधको औचित्य र शोधले समेटेका कुराहरू सीमाङ्कन र अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

शोधपत्रको द्वितीय अध्यायमा पूर्वकार्यको पुनरावलोकन तथा प्रबन्ध (निबन्ध) को सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । यस अध्यायमा शोधशीर्षकसँग सम्बन्धित सैद्धान्तिक तथा प्रायोगिक पुनरावलोकन प्रस्तुत गरिनुका साथै ती सैद्धान्तिक तथा प्रायोगिक पुनरावलोकनको अनुप्रयोग प्रस्तुत गरिएको छ । सैद्धान्तिक पुनरावलोकभित्र शोधको शीर्षकसँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित पुस्तकहरूको बारेमा उनीहरूले लेखेका कुराहरूको बारेमा जानकारी प्रस्तुत गरिएको छ भने प्रायोगिक पुनरावलोकनअन्तर्गत शोधको शीर्षकसँग सम्बन्धित विभिन्न शोधकार्यहरूको अध्ययन गरी तिनीहरूको निष्कर्षको बारेमा सङ्क्षिप्त व्याख्या गरिएको छ । ती अवलोकनले गर्न लागिएको शोधकार्यले केकस्तो प्रभाव पारेको छ भन्ने कुरा उल्लेख गरिएको छ । यसपछि प्रबन्धको सैद्धान्तिक अवधारणा

प्रस्तुत गर्ने क्रममा प्रबन्ध अर्थात् निबन्धको पृष्ठभूमि, प्रबन्धको परिचयको व्याख्या र विश्लेषण गरिएको छ । यसैगरी प्रबन्धका प्रकारअन्तर्गत आत्मपरक प्रबन्ध र वस्तुपरक प्रबन्धको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । यसपछि भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र भाषिक सीपअन्तर्गत भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तकको व्याख्या गरिएको छ भने त्यसपछि लेखाइ सीप, विद्यालय तहमा प्रबन्ध शिक्षणको प्रयोजन, लेखाइ सीपको विकासमा प्रबन्ध लेखनको स्थानको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय तीनमा अध्ययनका क्रममा प्रयोग गरिएका विधि तथा प्रक्रियालाई मुख्य शीर्षकमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको ढाँचा, सामग्री सङ्कलनका स्रोत, जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री निर्माण र तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रियाजस्ता उपशीर्षकहरू समावेश गरिएको छ ।

अध्याय चारमा प्रस्तुत अध्ययनको उद्देश्यमा केन्द्रित रहेर नमुना छनोटमा रहेका सयजना विद्यार्थीहरूको तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा प्रतिशताङ्क, मध्यमान र मानक विचलनलाई आधार मानिएको छ । सामुदायिक र संस्थागत विद्यालय, छात्र र छात्रा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

अध्याय पाँचमा शोधकार्य पूर्ण भएपश्चात् तयार गरिएको शोधपत्रमा उल्लेख गरिएका सबै अध्यायहरूको अध्यायगत रूपमा सारांश, निष्कर्ष प्रस्तुत गर्दै शोधकार्यले केकस्ता क्षेत्रमा सहयोग पुऱ्याउने छ भन्ने कुरालाई प्रष्ट्याइएको छ भने शोधकार्यको अन्त्यमा अध्ययनका क्रममा छनोटमा परेका विद्यालय र कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विवरण तथा विद्यार्थीहरूलाई दिइएका प्रबन्धका शीर्षकहरूलाई 'परिशिष्ट' मा प्रस्तुत गरिएको छ । यसका साथै सन्दर्भ सामग्रीसूची र व्यक्तिवृत्त प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन चितवन जिल्ला, भरतपुर महानगरपालिकाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य समग्र विद्यार्थीहरू, विद्यालयको

प्रकृति र विद्यार्थीहरूको लैङ्गिकताको आधारमा प्रबन्ध लेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

समग्रताका आधारमा प्रबन्ध लेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा सयजना विद्यार्थीहरूमा सबैभन्दा कम अङ्क ल्याउने दुई प्रतिशत रहेका छन् । मध्यमान ७७.७५ प्रतिशत, मध्यमानभन्दा माथि ५५ प्रतिशत र मध्यमानभन्दा तल ४५ प्रतिशत रहेको छ भने मानक विचलन २.२२ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा समग्र विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ७५.५ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ७९.२ प्रतिशत रहेको छ । मध्यमानभन्दा बढी ४४ प्रतिशत र मध्यमानभन्दा कम ५६ प्रतिशत रहेको छ । त्यसैगरी संस्थागत विद्यालयमा मध्यमानभन्दा बढी ६६ प्रतिशत र मध्यमानभन्दा कम ३४ प्रतिशत रहेको देखिन्छ । अतः माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको मध्यमान ८०.९ र मध्यमानभन्दा माथि ल्याउने छात्रा विद्यार्थी ६६ प्रतिशत र मध्यमानभन्दा तल ल्याउने ३४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ७३ रहेको छ । मध्यमानभन्दा माथि ६० र मध्यमानभन्दा तल ल्याउने ४० प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा छात्रहरूको तुलनामा छात्राहरूको प्रबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा प्रबन्ध लेखन अभ्यास सामान्य मात्रामा गराएको पाइयो । प्रबन्ध लेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली राम्रो देखियो भने भाषिक शुद्धतामा भने कमजोर रहेको पाइयो । लेखन सीप विकासमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अगाडि रहेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रहरूभन्दा छात्रा विद्यार्थीहरू नै प्रबन्ध लेखन सीपमा अगाडि रहेको पाइयो । विद्यार्थीहरूको प्रबन्ध लेखन

क्षमतामा अभिवृद्धि गराउनका लागि विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा प्रबन्ध लेखन क्रियाकलाप समावेश गर्नुपर्ने देखियो ।

## उपादेयता

यस अध्ययनले प्रबन्ध लेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ । यस अध्ययनको नीतिगत तह र प्रयोगगत तहमा निम्नानुसार उपयोगी रहने देखिन्छ :

### नीतिगत तह

यस अध्ययनले आधारभूत तहको नेपाली भाषा पाठ्यक्रममा समावेश गरिने प्रबन्ध (निबन्ध) विधाको शिक्षण प्रक्रिया तथा सिकाइ उपलब्धिका आधारमा शिक्षण गर्न मार्गनिर्देशन गर्नेछ । भाषा पाठ्यपुस्तक निर्माणकर्ता तथा सम्बन्धित निकायलाई भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यवस्तुहरूका साथै अन्य क्षेत्रहरू (क्षेत्रीयता, भाषिक पृष्ठभूमि, लिङ्ग, उमेर) को ख्याल गर्नु पर्दछ भन्ने बोध गराउने छ । भाषा पाठ्यक्रममा समावेश गरिने चारै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को उद्देश्य पूरा हुनेगरी विधागत छनौट तथा क्षेत्र निर्धारण गर्न सहयोग गर्नेछ । यसका साथै भविष्यमा यस विषयसँग सम्बन्धित रहेर हुने शोध तथा अनुसन्धानका लागि उद्देश्य र विधि छनौट गर्न तथ्याङ्क सङ्कलन गर्ने तरिका र सम्बन्धित कार्यको पुनरावलोकन गर्न सहयोग पुग्ने छ ।

### प्रयोगगत तह

यस अध्ययनले आधारभूत तहमा प्रबन्ध शिक्षणको आवश्यकता र महत्त्वका बारेमा स्पष्ट पारेको हुनाले सम्बन्धित स्तरका विद्यार्थीहरूका लागि प्रबन्धको बारेमा जानकारी प्राप्त गर्न सहयोगी बन्नेछ । विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिन सहयोग गर्नेछ । भाषा विषय अध्यापन गराउने र अध्ययन गर्ने व्यक्ति वा संस्थाले भाषा शिक्षण गर्दा र भाषाको प्रयोग गर्दा अपनाउनु पर्ने भाषिक सचेतनाको बारेमा प्रष्ट पार्न सहयोगी बन्ने छ । यस शोधकार्यको अध्ययनले भाषा शिक्षण विधिमा अनुसन्धान गर्ने आधार बन्ने छ । भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको उपयुक्तताको महत्त्व दर्शाउने आधार बन्ने छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, अनिता (२०७२), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

अधिकारी, हेमाङ्गराज (२०५३), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविलाश भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, शारदा (२०६७), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

ओझा, रामनाथ र भानुभक्त जोशी (२०७५), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

न्यौपाने, श्रीराम (२०६५), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, सरस्वती (२०७१), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

भट्टराई, गणेशप्रसाद (२०७५), *आधारभूत नेपाली निबन्धमाला,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, डी.पी. र डिल्लीराम ढुङ्गेल (२०७१), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक* (तृ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिजाल, सिर्जना (२०७८), *कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

रेग्मी, सविता (२०६९), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

रेग्मी, सुलक्षणा (२०७५), *कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

लामा, शान्ताकुमारी (२०७३), *कक्षा छमा अध्ययनरत थारू भाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

लामिछाने, भविकला (२०७३), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

लामिछाने, यादवप्रकाश (२०६०), *नेपाली भाषा शिक्षण परिचय* (चौ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६६), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीकृष्ण (२०७५), *नेपाली निबन्ध परिचय,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, विनिता (२०७६), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

## परिशिष्ट 'क'

### अध्ययनका क्रममा सहयोग लिइएका विद्यालय र विद्यार्थीहरूको नामवली

### सामुदायिक विद्यालयको विवरण

**(१) श्री जनज्योति पद्मनारायण धर्मकुमारी मल्ल माध्यमिक विद्यालय, अमृतनगर**

| क.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | शान्ति माया लो | ८५ | १७ |
| २ | शिला घले | ७५ | १५ |
| ३ | बालकुमारी आचार्य | ६० | १४ |
| ४ | एलिजा मोक्तान | ७० | १४ |
| ५ | अनुराधा चौधरी | ८० | १६ |
| ६ | विनोद घिमिरे | ९० | १८ |
| ७ | एन्जल परियार | ८५ | १७ |
| ८ | मुकेश गुरुङ | ६५ | १३ |
| ९ | दिनेश सापकोटा | ६० | १२ |
| १० | सनिक भुसाल | ५५ | ११ |
| | जम्मा | ७२५ | ७२.५ |

**(२) श्री प्रभात माध्यमिक विद्यालय, शुक्रनगर**

| क.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रोशनी सुवेदी | ८५ | १७ |
| २ | वर्षा बोटे | ७५ | १५ |
| ३ | पुजना न्यौपाने | ७० | १४ |
| ४ | सोनु भुसाल | ७० | १४ |
| ५ | शिशिर राउत | ६० | १२ |
| ६ | विवेक तामाङ | ८५ | १७ |
| ७ | शुभम न्यौपाने | ७५ | १५ |
| ८ | समिर घर्ती | ७५ | १५ |
| ९ | सुशील अर्याल | ८५ | १७ |
| १० | प्रवेश तामाङ | ७५ | १७ |
| | जम्मा | ७५५ | ७५.५ |

### (३) श्री राष्ट्रिय माध्यमिक विद्यालय, शोसी

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | अनिसा श्रेष्ठ | ८० | १६ |
| २ | रोशनी महतो | ८० | १६ |
| ३ | सन्जिना चौधरी | ६५ | १३ |
| ४ | उमा पुरी | ७५ | १५ |
| ५ | जेनिसा तामाङ | ७० | १४ |
| ६ | सुक्रिन तामाङ | ९५ | १९ |
| ७ | प्रविन महतो | ८५ | १७ |
| ८ | अनुप महतो | ७० | १४ |
| ९ | प्रज्वल सुनार | ६५ | १३ |
| १० | प्रज्वल सुनार | ६५ | १३ |
| | जम्मा | ७५० | ७५.०० |

### (४) श्री सिद्धार्थ माध्यमिक विद्यालय, केरुङ्गा

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | सविता सुनार | ९५ | १९ |
| २ | निशा प्रजा | ९० | १८ |
| ३ | सिखा सुनार | ८५ | १७ |
| ४ | समीक्षा नेपाली | ८० | १६ |
| ५ | युनिसा थापा मगर | ८० | १६ |
| ६ | सम्बन्ध गुरुङ | ९० | १८ |
| ७ | अविरल खत्री | ८५ | १७ |
| ८ | वरुण गौतम | ७० | १४ |
| ९ | सम्बन्ध गुरुङ | ६५ | १३ |
| १० | पुनम घिसिङ | ६५ | १३ |
| | जम्मा | ८०५ | ८०.५ |

## (५) श्री सरस्वती माध्यमिक विद्यालय, मधिपुर

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | सुजिता गुरुङ | ७० | १४ |
| २ | रुश्मा मल्ल | ८५ | १७ |
| ३ | ममता रानामगर | ८५ | १८ |
| ४ | रस्मिता सिंजाली मगर | ७० | १४ |
| ५ | मनिका चौधरी | ८० | १६ |
| ६ | अनुप गौतम | ७५ | १५ |
| ७ | सुनित परियार | ८० | १६ |
| ८ | दर्पण तिमिल्सिना | ७५ | १५ |
| ९ | जेनिस महत | ५५ | ११ |
| १० | शिव पन्त | ७५ | १५ |
| | जम्मा | ७५० | ७५.०० |

### संस्थागत विद्यालयको विवरण

## (१) श्री गोल्डेन फ्युचर एकेडेमी, अमृतनगर

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | निता गौतम | ९५ | १९ |
| २ | स्मृति सुनार | ९० | १८ |
| ३ | शिवानी पुरी | ८० | १६ |
| ४ | रिमीशा गोदार | ८५ | १७ |
| ५ | आकृति गुरुङ | ८० | १६ |
| ६ | प्रशान्त थिङ | ९५ | १९ |
| ७ | सलिन परियार | ९० | १८ |
| ८ | करन परियार | ८५ | १७ |
| ९ | प्रविश लो | ९० | १८ |
| १० | असीम सुवेदी | ८५ | १७ |
| | जम्मा | ८७५ | ८७.५ |

## (२) श्री पारामाउण्ट आवासीय मा.वि., पर्साढाप

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | सावित्री तामाङ | ९५ | १९ |
| २ | सोनु भण्डारी | ९५ | १९ |
| ३ | सलिसा रिमाल | ८५ | १७ |
| ४ | सिरिता लामिछाने | ९५ | १३ |
| ५ | शिशिर सुनार | ९५ | १९ |
| ६ | अमृत भुर्तेल | ७० | १४ |
| ७ | विवेक चौधरी | ९० | १८ |
| ८ | कृष्ण सुनार | ८० | १६ |
| ९ | अनिल थापा मगर | ६५ | १३ |
| १० | असीम सापकोटा | ५० | १० |
| | जम्मा | ८२० | ८२.०० |

## (३) श्री कालिका आवासीय मा.वि., दिव्यनगर

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रूपा नेपाली | ८५ | १७ |
| २ | नमिता पौडेल | ९५ | १९ |
| ३ | सरिता न्यौपाने | ९५ | १९ |
| ४ | सलिना श्रेष्ठ | ९५ | १९ |
| ५ | एन्जल घिमिरे | ५५ | ११ |
| ६ | असीम ढुङ्गाना | ८० | १६ |
| ७ | सौरव भुसाल | ५० | १० |
| ८ | सरोज सुनार | ६० | ६ |
| ९ | निकेश सुवेदी | ३० | ६ |
| १० | सचिन ढकाल | ६० | १२ |
| | जम्मा | ७०५ | ७०.५ |

## (४) श्री ब्राइट फ्युचर एकेडेमी, तेलौली

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | युनिशा रानाभाट | ९० | १८ |
| २ | परीक्षा रानाभाट | ८५ | १७ |
| ३ | पाल्मो हिसे तामाङ | ८५ | १७ |
| ४ | रिता अधिकारी | ७० | १४ |
| ५ | निश्चल थापा मगर | ७५ | १५ |
| ६ | उदय अधिकारी | ९५ | १९ |
| ७ | जेनेसिस मित्रकोटी | ८५ | १७ |
| ८ | सुशान्त भुजेल | ६५ | १३ |
| ९ | मुनाल अधिकारी | ८० | १६ |
| १० | अभिशेक मोक्तान | ६० | १२ |
| | जम्मा | ७९० | ७९.०० |

## (३) श्री मदरल्याण्ड आवासीय मा.वि., शुक्रनगर

| क्र.सं. | नाम, थर | प्राप्ताङ्क | प्रतिशत (%) |
|---|---|---|---|
| १ | प्राप्ति सुवेदी | ७५ | १५ |
| २ | नमुना सुनार | ९५ | १९ |
| ३ | प्रकृति सुवेदी | ९० | १८ |
| ४ | दीक्षा कुमाल | ८५ | १७ |
| ५ | विनिसा महतो | ८५ | १७ |
| ६ | सवनम रानाभाट | ८० | १६ |
| ७ | सन्देश बि.क. | ९५ | १९ |
| ८ | सुसिम रनपेली | ७५ | १५ |
| ९ | आशिस तामाङ | ७० | १४ |
| १० | सागर कार्की | ७५ | १५ |
| | जम्मा | ८२५ | ८२.५ |

**नोट : १०० लाई २० प्रतिशत मानिएको छ ।**

## परिशिष्ट 'ख'

### अध्ययनका क्रममा विद्यार्थीहरूलाई लेख्न दिइएका प्रबन्धहरूको नामावली विवरण

(क) *कम्प्युटरको महत्त्व*

(ख) *आफूले घुमेको ठाउँ*



# व्यक्तिवृत्त

नाम : बिमला पुरी

जन्ममिति : २०४९/०३/०४

जन्मस्थान : मनपाङ, तनहुँ

बाबुको नाम : बाबुराम पुरी

आमाको नाम : भगवती पुरी

पतिको नाम : प्रकाश पुरी

राष्ट्रियता : नेपाली

लिङ्ग : महिला

धर्म : हिन्दु

वैवाहिक स्थिति : विवाहित

भाषा : नेपाली

रुचि : अध्ययन, अध्यापन, भ्रमण र समाजसेवा

कार्य : अध्यापन

हालको ठेगाना : भरतपुर-२५, शुक्रनगर, चितवन

सम्पर्क : ९८४५३५६९०१

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन | अध्ययनरत | |
| २ | स्नातक | श्री अन्नपूर्ण बहुमुखी क्याम्पस, पार्वतीपुर, चितवन | २०७१ | द्वितीय |
| ३ | दश जोड दुई | श्री जनज्योति प.ध.म. उ.मा.वि., अमृतनगर, चितवन | २०६८ | प्रथम |
| ४ | एस.एल.सी. (प्रवेशिका) | श्री जनज्योति प.ध.म. उ.मा.वि., अमृतनगर, चितवन | २०६५ | प्रथम |